लेखापरीक्षण प्रतिवेदन

बुटवल उप महानगरपालिका, रुपन्देही

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

बुटवल उप महानगरपालिका, रुपन्देही

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्र्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्र्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/793

श्री नगर प्रमुख ज्यू
बुटवल उप महानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, रुपन्देही ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/793

श्री नगरप्रमुखज्यू,

बुटवल उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

रुपन्देही।

विषयः लेखापरीक्षण प्रतिवेदन।

कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं। हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको बमोजिमको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२. नगरपालिकाको रु. ५ अर्ब ५४ लाख ६० हजारको लेखापरीक्षण गरिएकोमा रु.५ करोड ७१ लाख २९ हजार (१.१४ प्रतिशत) बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.५ लाख ८१ हजारको प्रतिक्रियाबाट फस्र्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.६ लाख ५८ हजार, नियमित गर्नुपर्ने रु.३ करोड १३ लाख ७० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१ करोड ६५ लाख ९६ हजार, र पेश्की बाँकि रू.७९ लाख २४ हजार रहेको छ। गत वर्षसम्मको रु.३३ करोड ८३ लाख ८३ हजार बेरुजु मध्ये यस वर्ष रु.९ करोड ९९ लाख ८ हजारको सम्परीक्षण भई बाँकि बेरुजु रु.२३ करोड ८४ लाख ७४ हजार रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.२९ करोड ५० लाख २२ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन। लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा

महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने बुटवल उप-महानगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

३. अन्य बेहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत बुटवल उप-महानगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएका	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की
६१	१६४	५,७१,२९,१२७	०	५७	५,८१,१५४	०	६१	१०७	५,६५,४७,९७३	६,५८,५७७	३,१३,६८,५५७	१,६५,९६,३२१	०	०	४,७९,६४,८७८	७९,२४,५१९

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	गत वर्षसम्मको सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रुपन्देही	३३,८३,८३,०००	०	९,९९,०८,२३४	२३,८४,७४,७६६	०	५,६५,४७,९७३	२९,५०,२२,७३९

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको बेहोरा	सम्परीक्षण भएको रकम
प्रतिक्रियाबाट सम्परीक्षण				
१	२०८१/८२	३९	योजना जाँचपास तथा फरफारक समितिको बैठक भत्ता	८५,०००
२	२०८१/८२	३८	पदाधिकारी भ्रमण	२,५८,१७३
३	२०८१/८२	४५	नर्म्स भन्दा बढी भुक्तानी	५,१००
४	२०८१/८२	५२	नर्म्स भन्दा बढी भुक्तानी	८,०१०
५	२०८१/८२	५५	दोहोरो प्रोत्साहन भत्ता	९८,२२१
६	२०८१/८२	५९	खरिद इकाइको बैठक भत्ता	१,१३,०५०
७	२०८१/८२	४०	अनुगमन भत्ता	१३,६००

			जम्मा	**५,८१,१५४**
गत वर्ष सम्मको सम्परीक्षण				
८	२०८०/८१	८३	विज्ञ नियुक्ती	११,५५,९१४
९	२०८०/८१	४२	लोक भजन प्रतियोगिता	१,२८,८६२
१०	२०८०/८१	४७	मू अ कर दाखिला	६२,३८८
११	२०८०/८१	४१	भरपाई नभएको	१,४०,१२०
१२	२०८०/८१	७१	बैकल्पिक शिक्षा कार्यक्रम	२,२०,०००
१३	२०८०/८१	६०	बुटवल लायन्स आँखा अस्पताल	४,६२,०००
१४	२०८०/८१	४४	प्रमाण	११,०५,१७८
१५	२०८०/८१	९	पेश्की बाँकी	१,९५,०००
१६	२०८०/८१	८२	पारिश्रमिक कर	२,९०,३१९
१७	२०८०/८१	४९	नगर प्रोफाइल, जनप्रतिनिधि प्रोफाइल	११,४१,८४५
१८	२०८०/८१	८५	दरबन्दी भन्दाबढी काजमा	१,८९,९८,०७२
१९	२०८०/८१	७७	छात्रबृती बढी निकासा	५,६००
२०	२०८०/८१	७८	क्याम्पसलाई अनुदान	८,६६,६००
२१	२०८०/८१	५३	कार्यक्षेत्र वाहिरको निर्माण कार्य	२५,४५,९७६
२२	२०८०/८१	५०	उपभोक्ता समितिवाट काम गराएको	१,३३,१०३
२३	२०८०/८१	६७	अनुदान	६६,००,०००
२४	२०७९/८०	३६	स्वास्थ्य तर्फः	१,५४,७४६
२५	२०७९/८०	३७	शिक्षा तर्फः	१४,९५,६००
२६	२०७९/८०	३	वित्तीय विवरण परीक्षणः	४२६
२७	२०७९/८०	३२	पालिका पूँजित निर्माण, परामर्श र अन्यः	१,१७,५०,०००
२८	२०७८/७९	४४	स्वीकृत कार्यक्रम वेगर रकम खर्च	७१,६७,६९८
२९	२०७८/७९	२८	स्थानिय पाठ्यपुस्तक खरीद	१५,४०,७५२
३०	२०७८/७९	९३	सिद्धार्थ वाल अस्पताल स्तरोन्नती	१,४६,५२०
३१	२०७८/७९	३२	विद्यालयलाई लाईव्रेरी व्यवस्थापन	७८,००,०००
३२	२०७८/७९	८७	लाल कुमारी मा.विद्यालय	३,९४,५६२

३३	२०७८/७९	९८	रंगाशालामार्ग नाली तथा फुटपाथ सहित कालोपत्रे	५१,६२६
३४	२०७८/७९	२३	बढी तलव समायोजन	१०,५५,६१२
३५	२०७८/७९	९२	बढि भुक्तानी	२२,५८,०८७
३६	२०७८/७९	९४	पवित्रनगर वुद्धनगरमा नदि कटान नियन्त्रण	२२,१८१
३७	२०७८/७९	९०	नर्म्स भन्दा बढी खर्च	५,७६,०८५
३८	२०७८/७९	७५	घटी छुट	८४,१५७
३९	२०७८/७९	५५	कल्याण कोष	१,२५,००,०००
४०	२०७७/७८	३९	वास्तविक बिल भन्दा बढी परिमाणमा भुक्तानी :	४,१३,५८२
४१	२०७७/७८	४२	बीमा भुक्तानी	३३,९५९
४२	२०७७/७८	२७	बढी दरमा भुक्तानी	६,६४,०४२
४३	२०७७/७८	४७	बक्यौता असूली	१७,२५,७२६
४४	२०७७/७८	१०	प्रोत्साहन सुविधा	१,५७,७५,८९६
४५	२०७७/७८	७	असुल गर्नुपर्ने	२,४६,०००
जम्मा				**९,९९,०८,२३४**
कुल जम्मा				**१०,०४,८९,३८८**

बुटवल उप महानगरपालिका, रुपन्देही

(८०५४८३०१३००)

बुटवल उप-महानगरपालिका , रुपन्देही

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- नेपालका पुराना नगरपालिकाहरु मध्ये एक, बुटवल उप-महानगरपालिका, लुम्बिनी प्रदेशको रुपन्देही जिल्लामा पर्दछ। यस उप-महानगरपालिका वि.स. २०१६ सालमा स्थापना भएको हो। हाल १०१.६१३ वर्ग कि मि क्षेत्रफलमा फैलिएको यो पालिकामा वि सि २०७८ को जनगणना अनुसार १९४३३५ जनसंख्या र १९ वडा रहेका छन। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब,वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।९।१४ देखि २०८२।१०।२९ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच साथै २०८२ भाद्र २३ तथा २४ मा भएको प्रदर्शन तथा आगजनीबाट उपमहानगरपालिकाको नक्सा शाखा, राजश्व शाखा एवं शिक्षा शाखा, राजस्व तथा नापी शाखामा कागजातहरुमा क्षति पुगेको हुनाले परीक्षण गर्न नसकिएको जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

(च) आर्थिक कारोबारको स्थिति :- यस वर्ष पालिका आय-व्यय तर्फ रू.५ अर्व ५४ लाख ६० हजार ५ सय ५८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सोको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छन्।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.७७१५६ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	बढी भुक्तानी	७००००
२	कुक तालिम लेभल -२ को बढी भुक्तानी	४०००
३	आयकर छुट दाखिला	३१५६

२ **एकीकृत आर्थिक विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा सम्लग्न गरिएको छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण निम्नानुसार छः-

प्राप्ति				भुक्तानी		
सि.नं.	**विवरण**	**रकम**	**जम्मारकम**	**सि.नं.**	**विवरण**	**रकम**
१	**सुरु मौज्दात**		**३९६७७३१९३.८५**	**१**	**चालुखर्च**	
	(क) संचित कोष	२७३६९५६८१.४४			(क) पालिका तर्फ	६८२२८६०५
	(ख) धरौटी	६११६१२३०.५१			ख) संघीय सशर्त	४२१३३७७६
	(ग) कार्यसञ्चालन कोष	२८६८१४७८.३२			(ग) संघीय विशेष	
	(घ) अन्य कोष	३३२३४८०३.५८			(घ) प्रदेश सशर्त	२०६०२२३.
२	**यस वर्षको आय**		**५५८०३३९४८.९९**		(ङ) प्रदेश विशेष	
	(क)आन्तरिक आय	५५८०३३९४८.९९		**२**	**पुँजीगतखर्च**	
३	**वित्तीयहस्तान्तरण (संघ)**		**९९७४७०७९९.१०**		(क) पालिका तर्फ	५६०७७९५०
	(क) समानीकरण अनुदान	२७०२३३२००.००			(ख) संघीय सशर्त	२८६३१३५५
	(ख) राजस्व बाँडफाँट	१६७७८०७०२.९१			(ग) संघीय विशेष	१९४१६३९०
	(ग) सशर्त अनुदान	५१८९५६५५०.००			(घ) संघीय समपुरक	१३०००००००
	(घ) समपुरक अनुदान	१३००००००.००			(ङ) प्रदेश सशर्त	४९३१५४०.
	(ङ) विशेष अनुदान	१९४१६३९०.००			(च)प्रदेश विशेष	४८७१७५.
	(च) रोयल्टी	११४७३३२.१९			(छ) प्रदेश समपुरक	८४८५७३२.
	(छ) अन्य	६९३६६२४.००		**३**	**वित्तीयखर्च**	
४	**वित्तीय हस्तान्तरण (प्रदेश)**		**७२४८९३७२.०१**		(क)पालिका तर्फ	६९१७१९२.
	(क)समानीकरण	२१४२१०००.००		**४**	**अन्तरसरकारी**	

	अनुदान				**अख्तियारी (संघ)**	
	(ख)राजस्व बाँडफाँट	३४९१०६४०.०१			(क) सामाजिक सुरक्षा तथा संरक्षण	४५८३८३००(
	(ग) सशर्त अनुदान	७०१२०००.००			(ख) पर्यटन पूर्वाधार विकास आयोजना	४८९६०४४.
	(घ) समपुरक अनुदान	८४८५७३२.००			(ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	७८३००००.
	(ङ) विशेष अनुदान	६६००००.००			(घ) घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र	२००००००.
	(च) रोयल्टी				(ङ) औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत)	७६६६७५९.
	(छ)अन्य				(च) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	२३३५३३५.
५	**अन्तरसरकारी अख्तियारी (संघ)**		**४८३११११४५.००**	**५**	**अन्तरसरकारी अख्तियारी (प्रदेश)**	
	(क) सामाजिक सुरक्षा तथा संरक्षण	४५८३८३००७.००		**६**	**ऋण फिर्ता (साँवा)**	६९४६९९८.
	(ख) पर्यटन पूर्वाधार विकास आयोजना	४८९६०४४.००		**७**	**ऋणको ब्याज भुक्तानी**	
	(ग) स्वास्थ्य	१०१६५३३५.००		**८**	**धरौटीफिर्ता**	१९०५३८५६

	क्षेत्र सुधार कार्यक्रम				**तथा सदर स्याहा**	
	(घ) घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र	२०००००००.००		**९**	**कार्य सञ्चालन कोषबाट भएको खर्च**	१८१५७१४७
	(ङ) औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत)	७६६६७५९.००		**१०**	**अन्यकोषबाट भएको खर्च**	१११६३९११
				११	**गैर सरकारी संस्थाबाट सञ्चालित योजना**	
६	**अन्तरसरकारी अख्तियारी (प्रदेश)**			**१२**	**अन्य खर्च**	
७	**ऋण/वित्तीय व्यवस्था**	९४६८०९६८.६५	**९४६८०९६८.६५**	**१३**	**अनुदान फिर्ता**	
८	**धरौटीआय**	१६७४१४८१.००	**१६७४१४८१.००**		**१.संघ तर्फ**	
९	**कार्यसञ्चालन कोष आय**	८१५९१५४८.७३	**८१५९१५४८.७३**		(क) सशर्त अनुदान	६५३८१४३०
१०	**अन्यकोषको आय**	१२२२३२२७.४१	**१२२२३२२७.४१**		(ख) विशेष अनुदान	
११	**गैरसरकारी संस्थाबाट सञ्चालित योजना**				(ग) समपुरक अनुदान	
१२	**अन्यसहयोगमा प्राप्त सञ्चालित योजना**				**२.प्रदेश तर्फ**	
१३	**अन्य आय**				(क) सशर्त अनुदान	२०२३७.०
१४	**राजश्व बाँडफाँड स्थानीय**	२४९०४३६५६.१६	**२४९०४३६५६.१६**		(ख) विशेष अनुदान	१७२८२५.[illegible]
					(ग) समपुरक अनुदान	

				१४	**अन्तिम मौज्दात**	
					(क) संचित कोषको मौज्दात	३३६८२६०३
					(ख) धरौटी	५८८४८८५४
					(ग) कार्य सञ्चालनकोष	२९७४०७९४
					(घ) अन्य कोष	९६६६९२०५
				१५	**ऋण बाँकि**	८७७३३९७०
जम्मा		**२९६२१५९३४०.९०**	**२९६२१५९३४०.९०**	**जम्मा**		**२९६२१५९३४**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **कागजात पेश नभएको :**

मिति २०८२।५।२४ गतेका दिन साझ १७.२० बजेको समयमा जेन जी. समूहको आन्दोलको क्रममा बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको भवन तोडफोड तथा आगजनी भएकोले सो सम्बन्धमा इलाका प्रहरी कार्यालय बुटवल, उपमहानगर पालिकाका मेयर, उपमेयर, प्रमुख प्रशासकीय अधिकृत, पत्रकार, उद्योग बाणिज्य संघका प्रतिनिधि र पालिकाका शाखा प्रमुखहरुको उपस्थिती एवं साक्षि/रोहोबरमा तयार भएको आगजनी तथा क्षतिको मुचुल्का पेश भएको छ। उक्त मुचुल्का अनुसार मुलगेट, नक्सा तथा नापी शाखा, योजना शाखा, दर्ता चलानी, राजस्व शाखा, शिक्षा शाखा, भवन निर्माण महाशाखा पूर्णरूपमा जलेको उल्लेख गरिएको छ। साथै, बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको आ.व. ०८२/८३, च.नं. २११२, मिति २०८२।१२।२ को पत्रानुसार जेन जी आन्दोलनका क्रममा कार्यालयमा भएको आगजनीको घटनाका कारण उपमाहनागपालिकाको नगर प्रमुखको कार्यकक्ष, नक्सा शाखा, राजस्व एवं शिक्षा शाखा रहेको कोठामा आगजनी भई कोठामा रहेका सम्पूर्ण कागजात लगायतका सामानहरु जलि नष्ट भएकोले उक्त शाखामा रहेका स्रेस्ताहरु लेखापरीक्षणको क्रममा उपलब्ध गराउनु नसकिएको पत्र पेश भएको छ। साथै उक्त क्षतिको सम्बन्धमा जिल्ला प्रशासन कार्यालयको पत्र समेत लेखापरीक्षणको क्रममा पेश भएन। त्यसैले यस वर्षको लेखापरीक्षणको क्रममा राजस्वको आय ठेक्का, नक्सा तथा नापी शाखाका गोश्वराभौचरसँग सम्बन्धित कागजात र शिक्षा शाखामा रहेका पाठ्यपुस्तक, छात्रवृत्ति लगायतका कागजातहरु परीक्षण गर्न नसकिएकोले ति शीर्षकहरुमा भएको खर्चहरुको थप विश्लेषण गर्न सकिएन।

४ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहले वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। पालिकाले अनुसूची १४ मा अन्तरसरकारी अख्तियारी समावेश गरी एकिकृत बजेट तथा खर्च विवरण तयार गरेता पनि सो समावेश भएको रकम (म.ले.प.फा.नं. २७०) को वित्तीय विवरणमा समावेश हुँदैन। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.४५८३८३००७, पर्यटन पूर्वाधार विकास आयोजनामा रु.४८९६०४४, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रु.१०१६५३३५, घरेलु तथा साना उद्योग प्रवर्द्धनमा रु.२००००००,औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत)को रु.७६६६७५९ र आन्तरिक ऋण तर्फ शुरु अल्या रू.९४६८०९६८.६५ मा यस वर्ष रू.६९४६९९८ भुक्तानी गरी रु.८७७३३९७०.६५ ऋण भुक्तानी बाँकी गरी रु.३३,१४,९१,३५६.७९ सुत्र प्रणालीद्वारा तयार हुने एकीकृत वार्षिक प्रतिवेदनमा समावेश गरेको छैन। सुत्रबाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत विवरण (म.ले.प.फा.नं २७०)ले पालिकाको सबै कारोबारहरु नसमेटिदा उक्त वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र प्रणाली मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ। म.ले.प.फा.नं. २७०-२ अनुसूचीमा संलग्न रहेको छ।

(विस्तृत विवरण बेरूजु दफा ४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५ **फरक हिसाब**

पालिकाले सुत्र प्रणालिबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.३११५०.००, यस वर्षको प्राप्तिमा रू.६५९२४१८९४.५, यस वर्षको भुक्तानी रू.५९७०६०५५२.०१ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समाविष्ट गरी(म.ले.प.फा.नं. २७०) पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

विवरण	**गत वर्षको जिम्मेवारी**	**यस वर्षको प्राप्ति**	**यस वर्षको भुक्तानी**	**बैङ्क मौज्दात**
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	३९६८०४३४३.८५	१८११४६३२८३.९	१७४८३३२९३०.६९	५२२०८४८८९.४६
एकीकृत आर्थिक विवरणअनुसार	३९६७७३१९३.८५	२४७०७०५१७८.४	२३४५३९३४८२.७०	**५२२०८४८८९.४६**
फरक	**३११५०**	**६५९२४१८९४.५**	**५९७०६०५५२.०१**	**०**

६ **बैक हिसाब मिलान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण निम्नानुसार रहेको छ:

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार २०८२ असार मसान्तको बाँकी	बैंक स्टेटमेण्ट अनुसार २०८२ असार मसान्तको बाँकी
१	सञ्चित कोष	३३६८२६०३४.६५	३३१५४३४१८.२३
२	चालु खाता	०	०
३	पूँजीगत खाता	०	०
४	मर्मत खाता	०	०
५	कल्याण कोष तथा विविध कोष खाता	७५२७१०९२.७९	७५२७१०९२.७९
६	प्रकोप व्यवस्थापन कोष खाता	२१३९८११२.५२	२१३९८११२.५२
७	विविध खर्च खाता	२९७४०७९४.७३	२९७४०७९४.७३
८	नगर सरसफाई कोष खाता	०	०
९	धरौटी खाता	५८८४८८५४.७७	६३१४१७२२.१३
जम्मा		**५२२०८४८८९.४६**	**५२१०९५१४०.४**

माथि उल्लेखित तालिका अनुसार २०८२ असार मसान्तको श्रेस्ता अनुसार रु.५२२०८४८८९.४६ र बैक स्टेटमेन्ट अनुसार रु.५२१०९५१४०.४ देखिएकोले फरक परेको रु.९८९७४९.०६ फरक परेको छ। पालिकाले बैंक हिसाब मिलान विवरण नै तयार नगरेकोले फरक परेको छ। सो सम्बन्धमा के कारणले फरक परेको हो एकिन गरी हिसाब मिलान गरिनुपर्दछ।

७ **आन्तरिक लेखापरीक्षण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखा परीक्षण गराउनु पर्ने व्यवस्था छ। साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ मा प्रत्येक कार्यालयको आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण २ पटक गरी प्रतिवेदन पेश गरेको छ।

८ **आन्तरिक नियन्त्रण प्रणाली :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाले उक्त प्रणाली निर्माण गरेतापनि प्रभावकारी रुपमा कार्यान्वयन गरेको पाइएन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहाय बमोजिम रहेका छन्:

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गरेको पाइएन,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १० बमोजिम स्थानीय तहले एकीकृत वित्तीय प्रतिवेदन तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्नेमा पठाएको पाइएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन,

• दिगो बिकास लक्ष्य (२०१६-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन,

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको अभिलेख सङ्कलन गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको पाइएन,

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,

• पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा कुनै मापदण्ड बनाएको छैन। अभिलेख समेत राखेको पाइएन,

• लुम्बिनी प्रदेश, स्थानीय निजामती सेवा ऐन, २०८१ बमोजिम कर्मचारीको कार्य विवरण बनाई लागु गरेको पाइएन,

• दैनिक भ्रमण भत्ता खर्च गरेकोमा भ्रमण अभिलेख खाता नराखेको तथा प्रतिवेदन दिने गरेको पाइएन,

• शीर्षक फरक पारी खर्च लेख्ने गरेको पाइयो,

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको अवस्थमा सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोबार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाई सेवा प्रवाह सुदृढ बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

९ **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू बैशाख १० गते भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै यसरी तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समिति गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्नु/गराउनु पर्दछ।

१० **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रम बीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालना गर्नु/गराउनु पर्दछ।

११ क्षेत्रगत बजेट र खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम बजेट पास गर्दा स्थानीय तहको एकीकृत, समन्यायिक र दिगो विकासको क्षेत्रगत सन्तुलित रुपमा बजेट विनियोजन एवं खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाको क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ :

क्र.सं.	क्षेत्र	बजेट	विनियोजन प्रतिशत	खर्च	खर्च प्रतिशत जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	१०८९१३६००.	३.३१	५८३२५२८२.००	३.३४
२	पूर्वाधार विकास	१२९७२५४८००.	३९.३९	५५५८०३०८२.८६	३१.७८
३	सामाजिक विकास	१०७९९६५६५०.	३२.७९	६२७९९८७५१.८५	३५.९२
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१५८२९४३५०.	४.८१	६४९५३२२५.९४	३.७२
५	अन्य कार्यालय संचालन तथा प्रशासनिक	६४९२६७६००.	१९.७१	४४१२५२५८८.०४	२५.२४
६	बातावरण तथा विकास	०	०	०	०
जम्मा		**३२९३६९६०००.००**		**१७४८३३२९३०.६९**	**१००**

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाको सभाले पूर्वधार विकासमा ३९.३९ प्रतिशत सबैभन्दा बढी र आर्थिक विकासमा ३.३१ प्रतिशत सबैभन्दा कम बजेट विनियोजन गरेको तथा खर्च तर्फ सामाजिक विकासमा सबैभन्दा बढी ३५.९२ प्रतिशत र आर्थिक विकासको क्षेत्रमा सबै भन्दा घटी अर्थात ३.३४ प्रतिशत खर्च गरेको देखिन्छ। त्यस्तै वातावरण र विकास क्षेत्रमा बजेट विनियोजन नै गरिएको छैन। पालिकाले प्राथमिकताका सबै क्षेत्रमा सन्तुलित र समन्यायिक बजेट विनियोजन तथा खर्च व्यवस्थापन गर्नुपर्दछ।

१२ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसूची २ बमोजिम त्रैमासिक प्रगती विवरण बनाउनु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ।

रू.हजारमा							
सि.नं.	**पूँजीगत खर्च शीर्षक**	**कुल खर्च**	**चौमासिक खर्च**				**असार महिनाको मात्र खर्च**
			प्रथम त्रैमासिक	**दोस्रो त्रैमासिक**	**तेस्रो त्रैमासिक**	**चौथो त्रैमासिक**	
१	सङ्घीय पूँजीगत	६१०४८	०	०	१७६३०	४३४१८	२८२२३
२	प्रदेश पूँजीगत	५४१८	०	०	०	५४१८	५४१८
३	पालिका पूँजीगत	५६९२६५	२९६४५	२८६०८	१५९०७४	३५१९३८	२०२१९९३
कूल खर्च		**६३५७३१**	**२९६४५**	**२८६०८**	**१७६७०४**	**४००७७४**	**२३५८४१**
खर्च प्रतिशत			**४.६६**	**४.५०**	**२७.८०**	**६३.०४**	**३७.१०**

उपरोक्त विवरण अनुसार पुँजिगत तर्फ मात्र वार्षिक रू.६३ करोड ५७ लाख ३१ हजार निकासा/खर्च भएकोमा प्रथम त्रैमासिक निकासा खर्च रू. २ करोड ९६ लाख ४५ हजार(४.६६ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.२ करोड ८६ लाख ८ हजार(४.५० प्रतिशत), तेस्रो त्रैमासिकमा रू.१७ करोड ६७ लाख ४ हजार(२७.८० प्रतिशत) र चौथो त्रैमासिकमा रू. ४० करोड ७ लाख ७४ हजार(६३.०४ प्रतिशत) खर्च गरेको देखिएको छ। यसै गरी असार महिनामा मात्र रू.२३ करोड ५८ लाख ४१ हजार(३७.१० प्रतिशत) खर्च भएको छ। यसरी प्रथम र दोस्रो त्रैमासिकमा भन्दा असार महिनाको खर्च बढी भएकोले अन्तिम त्रैमासिक एवं असार महिनामा खर्चको चाप बढेको देखिन्छ। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक खर्च सन्तुलित नहुनुले विनियोजन दक्षता तथा खर्च गर्ने सक्षमता कमजोर रहन जान्छ। विनियोजित बजेटको स्वीकृत कार्यक्रम अनुसार सन्तुलित रूपमा कार्यान्वियन गरिनु पर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा समेत असर पर्ने देखिएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम त्रैमासिक रुपमा खर्च सन्तुलन हुने गरी कार्य गरिनु पर्दछ।

१३ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हालसम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन,अतःस्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१४ **जिन्सी दाखिला**

२१८।२०८२।३।१८ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई तोकिएको उपयुक्त बर्गीकरण अनुसार आम्दानी बाध्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान रु.१९४६२२३ (ICT) ल्याब सम्बन्धी सामान खरिद गरेको आधारमा देहायका विद्यालयहरुलाई निकासा दिएकोमा उक्त सामानहरु विद्यालयले जिन्सी आम्दानी बाँधेको प्रमाण लेखापरीक्षणको क्रममा पेश भएन। उक्त जिन्सी सामानहरु जिन्सी खातामा आम्दानी बाँधि सोको प्रमाण पेश गर्नुपर्ने रु.

विद्यालयको नाम	रकम निकासा	सामान	कैफियत
श्री उजिर सिंह माध्यमिक विद्यालय	६४८३९४	Interactive flat panel board ७५ with camera २,computer i५८Gb २५६ GB M२२३.८-१, printer लगायत	जिन्सी दाखिला नभएको।
श्री मोतिपुर माध्यमिक विद्यालय	६४७८२९	Interactive flat panel board ७५ with camera २,computer i५८Gb २५६ GB M२२३.८-१, printer लगायत	जिन्सी दाखिला नभएको
श्री नवरत्न माध्यमिक विद्यालय	६५००००	Interactive flat panel board ७५ with camera २,computer i५८Gb २५६ GB M२२३.८-१, printer लगायत	जिन्सी दाखिला नभएको
जम्मा	**१९४६२२३**		

प्रमाण पेश नगरेको	१९,४६,२२३

१५ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र समयमै पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उप-प्रमुखले मिति २०८१/३/९ गते रु.३,२९,३६,९६,०००.०० को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१/३/१९ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१/३/२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट कार्यक्रम र योजना व्यवस्थापन गरिनुपर्दछ।

१६ **बजेट विनियोजन/खर्च**

यस वर्ष पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाय बमोजिम विनियोजन गरेको छ :

रु.हजारमा							
विनियोजन				**खर्च**			
कुल बजेट	**चालु बजेट**	**पूँजीगत बजेट**	**वित्तीय व्यवस्था**	**कूल खर्च**	**चालु खर्च**	**पूँजीगत खर्च**	**वित्तीय व्यवस्था**
३२९३६९६	१६८३१९०	१५९८५०५	१२०००	१७४८३३२	११०५६८४	६३५७३१	६९१७

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु.३ अर्व २९ करोड ३६ लाख ९६ हजार बजेट विनियोजित भएको मध्ये चालु खर्च रु.१ अर्व १० करोड ५६ लाख ८४ हजार, पूँजीगत खर्च रु.६३ करोड ५७ लाख ३१ हजार र वित्तीय व्यवस्था तर्फ ६९ लाख १७ हजार गरी कुल खर्च रु.१ अर्व ७४ करोड ८३ लाख ३२ हजार अर्थात चालु तर्फ ६३.२४ प्रतिशत, पूँजीगत तर्फ ३६.३६ प्रतिशत, वित्तीय व्यवस्था तर्फ ३९ प्रतिशत खर्च भएको छ। पूँजिगत तर्फ विनियोजन दक्षता र खर्च सक्षमता वृद्धि गर्नेतर्फ पालिकाको प्रयास हुनुपर्ने देखिन्छ।

१७ **खर्च विश्लेषण**

पालिकामा यस वर्ष कूल आन्तरिक आय वापत रु.५,५८,०३३,९४८.९९, राजश्व बाँडफाँडबाट रु.४५,१७,३४,९९९.०८ र अन्य आय तर्फ रु.१३५०३७९९७३.२ समेत रू.२,३६,०१,४८,९२१.२६ आम्दानी भएकोमा चालु तर्फ रु.१ अर्व १० करोड ५६ लाख ८४ हजार, पुँजीगत तर्फ रु.६३ करोड ५७ लाख ३१ हजार वित्तीय व्यवस्था तर्फ ६९ लाख १७ हजार गरी कूल रु.१ अर्व ७४ करोड ८३ लाख ३२ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक स्रोतको अंश ३२.०४ प्रतिशत रहेको छ। यस वर्ष पदाधिकारी नियमित सुविधा, पदाधिकारी बैठक भत्ता, पदाधिकारी अन्य सुविधा तथा पदाधिकारी अन्य भत्ता तर्फ कुल रु.२ करोड ७९ लाख ५६ हजार खर्च भएको छ, जुन आन्तरिक आयको ५.०१ प्रतिशत(पदाधिकारी सुविधामा) खर्च भएको छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

१८ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय, क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्नेमा पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालबसाली विषयलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासको लागि आवधिक योजनाको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

१९ **योजना छनौट र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष कार्यान्वयन गरेका योजनाहरू को विवरण देहाए बमोजिम रहेको छ :

क्र. सं.	विवरण	योजना संख्या	रकम
१	रु.१ लाख भन्दा कमको योजना	१२	४४३५७०
२	रु.१ लाख देखि रू.३ लाख सम्मका योजना	१४५	१९३७०९४१
३	रु.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना	२१२	५३७१७३४०
४	रु.५ लाख देखि माथि रू.१० लाख सम्मका योजना	३२९	१२५२८५५२२
५	रु.१० लाख देखि माथि रू.२० लाख सम्मका योजना	१६२	९२९७०९५६
६	रु.२० लाख भन्दा माथिका योजना	१५३	३४३९४३३६९
जम्मा		१०१३	६३५७३१६९८

उपर्युक्त विवरणअनुसार पालिकाले १ लाख भन्दा कमका योजना १२, १ लाख देखि ३ लाखसम्मका १४५, ३ लाख देखि ५ लाखसम्मका २१२, ५ लाख देखि १० लाखसम्मका ३२९, १० लाख देखि २० लाख सम्मका १६२ र रु.२० लाख भन्दा माथिका १५३ गरी कुल जम्मा १०१३ योजनामा बजेट विनियोजन गरेको देखिन्छ। यसरी साना र वितरणमुखी योजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा बृद्धि हुन जाने हुनाले पालिकाले योजना बनाउदा बजेट तथा कार्यक्रमको प्राथमिकताको आधारमा योजना छनौट गरी पालिकाको बृहत्तर एवं योजनाबद्ध विकासमा योगदान पुग्ने, गरिबी निवारणमा प्रत्यक्ष योगदान रहने,

जनताको जीवनस्तर र रोजगारी बढाउने, दिगो विकास, वातावरण संरक्षण, सामाजिक समावेशीकरणमा अभिवृद्धि हुने योजना छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नु गराउनु पर्दछ।

२० अनुदान फिर्ता

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकि रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धी विवरण देहाय अनुसार छ :

				(रु.हजारमा)
अनुदान प्रदान गर्ने निकाय	**अनुदानको प्रकार**	**प्राप्त रकम**	**खर्च रकम**	**फिर्ता रकम**
सङ्घीय सरकार	शसर्त अनुदान	५२२५६२	४५३५७५	६५३८१
	विषेश अनुदान	३००००	३००००	०
	समपुरक अनुदान	१३०००	१३०००	०
जम्मा		**५६५५६२**	**४९६५७५**	**६५३८१**
प्रदेश सरकार	शसर्त अनुदान	७०१२	६९९२	२०
	विषेश अनुदान	६६०	४८७	१७३
	समपुरक अनुदान	८४८५	८४८५	०
	जम्मा	**१६१५७**	**१५९६४**	**१९३**
	कुल जम्मा	**६४७२१२**	**५१२४५८**	**६५५७४**

उपर्युक्त विवरण अनुसार सङ्घीय सरकारबाट रू.५६ करोड ५५ लाख ६२ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रू.४९ करोड ६५ लाख ७५ हजार बजेट खर्च भई बाँकी रू.६ करोड ५३ लाख ८१ हजार मिति २०८२।३।३१ मा सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको देखिन्छ। त्यस्तै प्रदेश सरकारबाट रू.१ करोड ६१ लाख ५७ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रू.१ करोड ५९ लाख ६४ हजार खर्च भई बाँकी रकम रू.१ लाख ९३ हजार मिति २०८२।३।३१ मा प्रदेश सञ्चित कोषमा फिर्ता भएको देखिन्छ।

२१ वार्षिक खरिद योजना/गुरू योजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरू योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरू योजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा गुरु योजना नबनाई यस वर्ष उपभोक्ता समितिसँग समेत गरी ६३ करोड ५७ लाख ३१ हजार पुँजीगत खर्च गरेको छ ।

२२ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालन मा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

२३ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विविध खर्च शिर्षकबाट रु.१४९२१९६६ खर्च गरेको छ, जुन आन्तरिक आयको २.२ प्रतिशत हुन आउँछ। जसमध्ये सभा सञ्चालन, अतिथि सत्कार, विभिन्न समितिको बैठक तथा खाजा खर्च तथा अन्य कार्यक्रममा भएको विविध खर्च लगायत रहेको छ। खर्चको स्पष्ट मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

विषय	**रकम**
सभा सञ्चालन भएको खर्च	२७,७७,८७३.००
अतिथि सत्कारमा भएको खर्च	४०,२४,१२३.००
विभिन्न समितिको बैठक तथा खाजा खर्च	४०,०९,१००.००
अन्य कार्यक्रममा भएको विविध खर्च	४१,१०,८७०.००
जम्मा	**१४९२१९६६.००**

२४ **सेवा प्रवाहको स्थिति**

यस पालिकाबाट वितरण भएका सेवा निम्न बमोजिम रहेका छन् :

विवरण	सेवा संख्या
जन्म दर्ता	१४२३
मृत्यु दर्ता	६९२
बसाईसराई दर्ता	१२२०
विवाह दर्ता	९२३
सम्बन्ध विच्छेद दर्ता	२१४
जम्मा	**४४८१**
भूमिहिन दलित	३३३
भूमिहिन सुकुम्बासी	९४३
अव्यवस्थित बसोबासी	१५५९८
जम्मा	**१६८७४**

पालिकाबाट प्राप्त विववरण अनुसार यस वर्ष जन्मदर्ता १४२३, मृत्यु दर्ता ६९२, सम्बन्ध बिच्छेद दर्ता २१४, बसाईसराई दर्ता १२२०, विवाह दर्ता ९२३ गरी ४४८१ जनालाई पञ्जीकरण सेवा प्रवाह गरेको छ भने भुमिहीन दलित ३३३, भुमिहीन सुकुम्बासी ९४३, अव्यवस्थित बसोबासी १५५९८ गरी १९८७४ को लगत सङ्कलन गरेको छ। अत: पालिकाले प्राप्त गरेको यस निवेदनहरुको सम्बन्धमा आवश्यक ऐन, कानून नीति कार्यविधि अन्तर्गत रही कार्य सम्पादन गरिनुपर्दछ।

२५ गुणस्तर व्यवस्थापन

ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ। सोही व्यवस्था अनुसार निर्माण व्यवसायीले गुणस्तर आस्वस्ता योजना पेश गर्नु पर्नेमा गरेको पाइएन। कार्यालयमा सिमेण्ट, गिट्टी, वालुवा परीक्षण गर्ने मेशिनहरु नरहेको पाइयो। निजी क्षेत्रका ल्यावहरुमा गुणस्तर परीक्षण गर्दा सिलवन्दी नमुनाको आधारमा गुणस्तर परीक्षण गर्नुपर्नेमा खुल्ला नमुनाको आधारमा परीक्षण गर्दा सम्बन्धित ठेक्कामा प्रयोग हुने सामानको नमुना हो होइन एकिन गर्न सक्ने अवस्था छैन। निर्माण सामाग्री उत्खनन गर्ने स्थल स्वीकृत गरी गुणस्तर परीक्षण गरिएका सामाग्री मात्र प्रयोग गर्नुपर्नेमा त्यस प्रकारको स्वीकृती दिएको देखिएन। सडकको फिल्ड डेन्सिटि टेष्ट, सव वेश/वेशमा प्रयोग गरिएका सामाग्रीहरुको स्पेसिफिकेसनमा तोकिएको संस्थामा गुणस्तर परीक्षण गराएको पाइएन। गुणस्तर व्यवस्थापनमा कार्यालयको कमजोर प्राथमिकताका कारण निर्मित संरचनाहरुको गुणस्तरीयतामा विश्वस्त हुने आधार छैन।

२६ कानुन निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

सि.नं.	विवरण	संख्या
१.	नीति	६
२.	ऐन	३२
३.	नियमावली	१४
४.	कार्यविधि तथा निर्देशिका	६३
५.	मापदण्ड	५
	जम्मा	**१२०**

पालिकाले यस वर्षसम्म आफ्नो क्षेत्राधिकार भित्रका ६ नीति, ३२ ऐन, १४ नियमावली, ६३ कार्यविधि निर्देशिका र ५ मापदण्ड गरी जम्मा १२० वटा कानुन निर्माण गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने गरेको छ। सोहि ऐन को दफा १०२ को (४) अनुसार यसरी बनाइएका ऐन, नियमावली, कार्यविधि पालिकाले प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्नेमा पठाएको पाइएन।

२७ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ।

गत वर्षबाट सरेका विवाद	यस वर्ष दर्ता भएको	जम्मा	फस्र्यौट/कारवाही भएका विवाद	फस्र्यौट/कारवाही हुन बाँकी विवाद
२३	९५	११८	८५	३३

उपरोक्त विवरण अनुसार गत वर्षबाट सरेका २३ विवाद, यस वर्ष दर्ता भएका ९५ वटा विवाद गरी ११८ जम्मा विवाद मध्ये ८५ विवाद उपर फस्र्यौट/कारवाही भई ३३ विवाद बाँकी रहेको देखिन्छ। पालिकाले यस वर्ष स्थानीय न्याय सम्पादनको क्रममा इजलाश खर्च, न्यायिक समिति सचिवालय व्यवस्थापन खर्च, मेलमिलाप कर्ता व्यवस्थापन खर्चमा रु.१४,०७,९०० खर्च गरेको छ। ऐनले तोके अनुसारको समयमा नै विवादको फछ्र्यौट गर्नुपर्दछ।

२८ सहकारी

२८.१ सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरू को सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र १३३ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। सहकारी सदस्यहरूको हित र बचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरूपयोग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरूप त्यस्ता संस्थाहरूको नियमित अनुगमन गरिनु पर्दछ। पालिकामा यस आर्थिक वर्षमा सहकारी संस्थाको विवरण देहाय बमोजिम रहेको छ:

सहकारी संस्थाको किसिम	सहकारीसंख्या	सदस्यसंख्या	शेयरपुँजी	बचत	ऋणलगानी	जगेडाकोष
बचत तथा ऋण सहकारी संस्था	८४	४५१७२ जना	९४६११९९२१	६०६७८८८५५	५४९९७५३८४२	२२७४१०६२८
कृषि सहकारी	२३	८८७१	१३१९०४९७४	५१७१२८८८०	५७२२४६१६९	१५५३५४०२
बहुउदेश्यीय सहकारी संस्था	१९	८१०२	१५१४४२६६९	७१६३१२६१९	७१४८८२४०७	२२३२३३१
दुग्ध सहकारी संस्था	१	२००	१९२१५००	१३६२६८१८	७४२०८६५	२२४९१६४
उपभोक्ता सहकारी	६	३८३५	२४५२९२२५	२७९५८९१५	२५१३३४७३	१७८४८०६४
जम्मा	१३३	६६१८०	१२५५९१८२८९	१८८१८१६०८७	६८१९४३६७५६	२६५२७५५८९

२८.२ पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र सञ्चालनमा रहेका सहकारी संस्थाको पालिकाले अनुगमन गरी अनुगमनबाट दिएका सुझावका केही उदाहरण निम्नानुसार रहेका छन:

पालिकामा दर्ता भएका सहकारी संस्थाको संख्या	अनुगमन गरेका सहकारी संस्थाको संख्या	अनुगमनबाट देखिएका प्रमुख व्यहोराहरु	अनुगमन प्रतिवेदन उपर गरेको कारबाही
१३३	५१	ऋण लगानी गर्दा १ जना व्यक्तिलाइ १५ प्रतिशत भन्दा बढी गरेको पाइयो । सहकारी संस्था संचालनका लागि नीति नियमावली तयार नभएको पाइयो। १०लाख भन्दा बढीको ऋण लगानीमा केही सहकारीबाट इन्जिनियरको भ्यालुयसन नभएको पाइयो। संस्थाले उदेश्य अनुरुप कार्य तोकेको पाइयो ।	

पालिका भित्र रहेका १३३ वटा सहकारीहरु मध्ये ५१ वटा सहकारीहरुको अनुगमन गरेको विवरण पालिकाबाट प्राप्त भएको छ। पालिका भित्र रहेका सबै सहकारीको अनुगमन नहुदाँ सहकारी सदस्यहरूको हित र बचत रकमको सुरक्षा तथा लगानीमा दुरुपयोग हुन सक्ने हुँदा समयमा अनुगमन गरी अनुगमनबाट दिइएका सुझावहरु कार्यान्वियन नभएको सम्बन्धमा समेत अनुगमन गरी कार्यान्वियन गर्न लगाउनु पर्दछ।

२९ ठेक्का बन्दोवस्त

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छ:

										रु.हजारमा
कार्यक्रम/ शीर्षक	खरिद सम्झौता								यस बर्ष सम्पन्न योजना	
	कुल जम्मा योजना		प्रथम चौमासिक		दोस्रो चौमासिक		तेस्रो चौमासिक			
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
बोलपत्रबाट	५०	२१४९५८	०	०	२०	६९०७३	३०	१४५८८५	२२	११३५७५

उल्लेखित विवरण अनुसार यो वर्ष पालिकाले बोलपत्रबाट कुल ५० योजनाको लागि रू.२१ करोड ४९ लाख ५८ हजार लागतको ठेक्का बन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा कुनै ठेक्का नलागेको, दोश्रो चौमासिकमा २० योजनामा रू.६ करोड ९० लाख ७३ हजारको ठेक्का व्यवस्थापन भएको र तेस्रो चौमासिकमा ३० योजनामा रू.१४ करोड ५८ लाख ८५ हजारको ठेक्का व्यवस्थापन भएको देखिन्छ। ठेक्का व्यवस्थापन मार्फत ५० वटा योजनाहरू लागि रू.२१ करोड ४९ लाख ५८ हजारको सम्झौता भएकोमा रू.११ करोड ३५ लाख ७५ हजार खर्च भएको, आर्थिक वर्षको अन्त्यसम्ममा २२ वटा योजनामात्र सम्पन्न भई २८ बाँकी देखिन्छ। बाँकी योजना समयमा नै सम्पन्न गर्ने गरी कार्य गरिनु पर्दछ।

३० **ठेक्का प्रतिस्पर्धा**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रूपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छन। यस्ता योजना लागत अनुमान भन्दा ०.५१ देखि ३६.४१ प्रतिशतसम्म घटीमा कबोल गर्ने योजना कार्यान्वियन गराएको छ। पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा कार्य गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ :

क्र.सं.	योजनाको नाम	प्रतिस्पर्धी गर्ने संख्या	लागत अनुमान	कबोल रकम	घटी प्रतिशत	ठेक्का परेको बोलपत्रदाता
१	बुटवल उपमहानगरपालिका वडा नं. १२ स्थित मैत्रीपथ सडक पि.पि.सि, नाली तथा कल्भर्ट निर्माण कार्य	६	४९९९१७१.४६	३८०१७८२.६१	२२.०५	श्री सरस्वती डिजाईन एण्ड कन्स्ट्रक्सन प्रा.लि.
२	वडा नं. ३ र ४ स्थित ज्योतिनगर पहिरो नियन्त्रण कार्य	१२	३४३२००४२.२७	१९४५६४०८.४८	४२.५७	श्री एम आर देवका जे.भि. बुटवल रुपन्देही
३	वडा नं. ११ स्थित सहिद स्मृति आभारभूत विद्यालय भवन निर्माण कार्य	१३	४९९५९६४.८४	३१४१८६९.३२	३५.७६	श्री ओयसिस कन्स्ट्रक्सन बुटवल-९, रुपन्देही
४	वडा नं. ११ स्थित नविन ओद्योगिक कदर बहादुर रीता माध्यमिक विद्यालय भौतिक पूर्वाधार निर्माण कार्य	१०	४९९९५०९.२३	३१४२६७५.६०	३५.७९	श्री रम्भा देवी दर्शन विल्डर्स प्रा.लि काठमाडौं -१०
५	वडा नं. ८ स्थित दशरथ पथ नाली फुटपाथ सहितको पैदल मार्ग दशरथ पथ त्रिभुवन पथ देखि सोमबारे हाटबजार पुलसम्म, पराजुली निवास देखि ज्ञवाली निवाससम्म निर्माण कार्य	३	५५९९०३३.८७	४५४८३०१.४१	१६.६८	श्री अरनिको एण्ड भिम कन्स्ट्रक्सन, बुटवल-८, रुपन्देही
६	वडा नं.१३ स्थित जबई मैदान जाने सडक नाली तथा कल्भर्ड निर्माण कार्य	६	४३९८०६७.९२	३१०६४३७.०५	२७.०१	श्री पटेल कन्स्ट्रक्सन, शुद्धोधन ७ रुपन्देही
७	वडा नं. १२ स्थित धनमाया कृष्णपथ सडक निर्माण तथा स्तरोन्नती कार्य	५	४९९९८०९.०७	३६७८८५२.६४	२४.५८	धर्म निर्माण सेवा, बुटवल १४ रुपन्देही

८	वडा नं. १३ बेलबास सालघारी टोल स्थित शिवश्री पथ सडक स्तरोन्नती र सुपादेउराली पथ सडक निर्माण कार्य	३	४७९९९४२.४८	३६०५६०६.३८	२३.००	श्री सुदर्शन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. तिलोत्तमा २ रुपन्देही
९	वडा नं. १४ स्थित खडवा सिचाई आयोजना कुलो निर्माण तथा मोतिनगर टोलबाट बेलभरीया टोल जोड्ने स्वामी शशिधर मार्ग कालोपत्रे निर्माण कार्य	३	१८९९२८५.५७	१८४५२७८.६९	०.४१	श्री आर.ए. कन्स्ट्रक्सन, तिलोत्तमा-७, रुपन्देही
१०	सैनिक आवासीय महाविद्यालय खेलमैदान निर्माण, बुटवल-३	५	१९९९४७५.४७	१५९४३९३.१३	२०.२६	श्री अनिल एण्ड पौडेल कन्स्ट्रक्सन प्रा.लि., न्यू बानेश्वर-१०, काठमाडौं.
११	वडा नं. ७ स्थित लखनपथ सडक पिच मर्मत, आश्रीतपथ सडक पिच र तिनकुनेपार्क सडक पिच निर्माण कार्य	२	६१९६५२५.९८	५४३८४७०.५५	११.३८	श्री प्रतिक प्रयोजन निर्माण सेवा प्रा.लि, सिद्धार्थनगर, रुपन्देही
१२	वडा नं. १२ स्थित ट्रान्सपोर्ट भिलेज पहुँच सडक स्तरोन्नती कार्य	३	९८९९७४९.५३	७५१०६८९.७८	२२.४८	श्री बिजय निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. बुटवल १२
१३	बुटवल वडा नं. ४ स्थित ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय राजयोगमा दोस्रो तला फिनिसिङ्ग कार्य	८	४९९३००७.७३	३३४६९५५.६७	३१.६३	श्री मुक्ति कन्स्ट्रक्सन प्रा.लि. तिलोत्तमा १६- रुपन्देही।

१४	बुटवल वडा नं. ७ दिपनगर स्थित हाटबजार पूर्वाधार निर्माण कार्य	४	१४९९०७६.४४	११४३४८८.५४	२३.७२	श्री आयम बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. काठमाडौं
१५	वडा नं. ६ स्थित सुनदरनगर खानेपानी ट्याङ्कीमा विभिन्न निर्माण कार्य र नेपाल मानव धर्म सेवा समिति सुन्दरनगर वाल कम्पाउण्ड मर्मत सम्भार कार्य	२	२७९२३३५.९५	२००९७६४.००	२६.४७	आर्य तारा कन्स्ट्रक्सन एण्ड सप्लायर्स, बुटवल-६ , रुपन्देही
१६	वडा नं. ११ स्थित स्मृतिपथ सडक र नाला निर्माण	३	१९९९३२५.१०	१९१२६०२.०८	४.३४	श्री मिरर नेपाल कन्स्ट्रक्सन प्रा.लि, भरतपुर-११, चितवन

यसरी लागत अनुमानको तुलनामा ०.४२ देखि ४२.५७ प्रतिशतसम्म घटी कबोल गर्दा कामको गुणस्तर र दिगोपनामा समेत ध्यान दिनुपर्दछ।

३१ **समन्वयको अभाव सम्बन्धमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (९) मा गाउँपालिका वा नगरपालिकाले सङ्घीय र प्रदेश स्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ । पालिकाले वडा नं १९ मा अमर माध्यामिक विद्यालय भवन निर्माण गर्नका लागि लुम्बिनी प्रदेश सरकारको विशेष अनुदान २० लाख र पालिकाको १० लाख गरी रु ३० लाख बजेट विनियोजन गरी रु २९,९२,२७५।४९ को लागत अनुमान तयार गरी विद्यालयको भवन निर्माणमा प्रथम रनिङ्ग विल वापत रु ४,८७,१७५।खर्च भएको छ । सोही विद्यालयको एउटै भवनमा सामाजिक विकास डिभिजन कार्यालय रुपन्देहीले भवन निर्माणमा ठेक्का लगाई निर्माण व्यवसायीलाई रु १५,०१,६९९। भुक्तानी भएको छ। पालिकाले ठेक्का लगाई सकेपछि निर्माण स्थल उपलब्ध नहुँदा निर्माण व्यवसायीले म्याद थप मागेको छ । म्याद थप माग गर्दा सो विद्यालयमा अर्को निर्माण व्यवसायीले सोही काम गरिरहेकोले म्याद थप पाउँ भनी निवेदन दिएको आधारमा पालिकाले २०८२।८।२९ सम्म म्याद थप गरेको छ । एउटै कार्यालयमा भवन निर्माणको कार्य गर्दा पालिका तथा प्रदेश सरकारका विभिन्न कार्यालयहरुले सो विद्यालय तथा अन्य क्षेत्रमा समेत बजेट विनियोजन भए नभएको एकिन गरी पूर्वाधार निर्माण तथा अन्य काममा समन्यात्मक समन्वय गरी योजना तथा कार्यक्रम सञ्चालन गरिनु पर्दछ।

३२ **पुँजीगत खर्चको विस्तृत विवरण : पालिकाको यस वर्षको पुँजीगत खर्चको विवरण देहाय अनुसार रहेको छ :**

क्र.सं.	उपशीर्षकको नाम	खर्च शीर्षक नम्बर	खरिद विधि	संख्या	खर्च रकम
१	पालिका पुँजीगत तर्फ	विभिन्न	बोलपत्र	५०	११३५७५६०४
२			दरभाउपत्र	७	६६७४०८४५
३			सोझै	१७	९००००००
४			उपभोक्ता समिति	६६३	४४६४१५२४९
जम्मा					**६३५७३१६९८**

माथि उल्लेखित विवरण अनुसार खुला बोलपत्रको मध्यमबाट ५० वटामा ११ करोड ३५ लाख ७५ हजार ६०४ रुपैया, सिलबन्दी दरभाउ पत्रबाट ७ वटामा रु०६ करोड ६७ लाख ४० हजार ८४५ रुपैया, सोझै खरिदको माध्यमबाट १७ वटामा रु०९० लाख र उपभोक्ता समितिबाट ६६३ रु.४४ करोड ६४ लाख १५ हजार २४९ गरी कुल रु०६३ करोड ५७ लाख ३१ हजार ६९८ रुपैयाँको खरिद गरेको छ।

३३ **सामान खरिद सम्बन्धमा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(९) कार्यालयको आवश्यता भन्दा बढी हुने सम्पत्ती तथा जिन्सी मालसामान खरिद गर्न गराउनु हुँदैन भन्ने व्यवस्था रहेको छ। पालिकाले चिसापानी वृहद खानेपानीको लागि भनी नेशनल हार्डवयर एण्ड कलर हाउसवाट रु.५६४७०६ खानेपानी पाइप खरिद हालसम्म मौज्दातमा राखेको पाइएकोले उक्त पाइप जडान गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५,६४,७०६

३४ **लागत अनुमान**

३४.१ (क) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ बमोजिम मालसमानको स्पेशिफिकेशनको अधीनमा रहि सम्बन्धित सार्वजनिक वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले सोही प्रकृतिको खरिद कार्य गर्दा लागेको वास्तविक लागत वा वास्तविक दर स्थानीय बजारको प्रचलित भाउ समेतको आधारमा लागत अनुमान तयार गरी खरिद कार्य गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले हाइ मास्ट लाईट जडान तथा खरिद कार्यमा सार्वजनिक निकायले उल्लेखित प्रकृयाहरु अवलम्वन गरी नेपाल विद्युत प्राधिकरण सँग दररेट माग गरी लागत अनुमान तयार गरेको भएता पनि अन्य सार्वजनिक निकायहरुले खरिद गरेको वास्तविक दर तथा वजार दर समेतको आधार नलिएकोले स्वीकृत लागत अनुमानको दर सम्वन्धमा एकीन गर्न सक्ने अवस्था रहेको छैन । पालिकाले २६ ठाउमा हाईमास्ट लाइट तथा २५ ठाउमा डिजिटल वोर्ड राख्नका लागि रु ४,८१,२५,९८६।३५ नेपाल विद्युत प्राधिकरण सँग मात्र दररेट लिई खरिद गरेकोमा लागत अनुमान तयार गर्दा वजार दर विश्लेषण गरेको पाइएन ।

३४.२ (ख) अर्थ मन्त्रालयवाट प्रकाशित संङ्घीय समपुरक अनुदान २०८१ को सि. न. ९ मा नेपाल सरकारले योजना आयोगवाट छनौट भएका आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि त्यस्तो आयोजनाको कुल लागत, प्रकृति, कार्यान्वयन गर्नुपर्ने आवश्यकता, प्राथमिकता, कार्यान्वयनबाट हुनसक्ने उपलव्धी र राजस्व क्षमताको आधारमा स्थानीय तहलाई समपुरक अनुदान प्रदान गर्न सकिने व्यवस्था अनुसार पालिकालाई यस वर्ष नगरका मुख्य मुख्य चोकहरुमा हाइ मास्ट लाइट जडान गर्नका लागि १० ठाउमा १० मिटर र १६ ठाउमा १६ मीटर उचाइका हाइमास्ट र २५ ठाउमा डिजिटल वोर्ड राख्नका लागि रु ४८१२५९८६।३५ को लागत अनुमान तयार गरी प्रारम्भिक वातावरणीय अध्ययन नगरी मुख्य राजमार्गको ट्राफिक व्यवस्थापन, राजमार्ग भित्रका सडक तथा गल्लीका चोकहरुको क्षेत्रफल, कुन कुन ठाउँमा के कस्तो आवश्यकता गल्लीको चोकमा हाइमास्ट लाइट राख्दा सो चोकमा वस्ने मानिसहरुलाई पर्न जाने असर जस्ता कुराहरुको विस्तृत परियोजना प्रतिवेदन मा समावेस नगरी त्रिसन्धा सेफ स्टील जेभीसँग रु ४४३७९३६१।०१ मा खर्च

सम्झौता गरी निजलाई रु ४१७७८६३५। भुक्तानी दिएको विस्तृत परियोजना प्रतिवेदनका आधारमा मात्र उक्त कार्य सम्पादन गरिनु पर्दछ।

३४.३ (ग) समपुरक अनुदान सम्वन्धमाः

त्रिसन्धा सेफ स्टील्स जे.भीसँग रु ४४३७९३६१।०१ मा सम्झौता गरी निजलाई निज लाई रु ४१७७८६३५। भुक्तानी दिएको छ। समपुरक अनुदानमा पालिकालाई रु १ करोड ३० लाख विनियोजन गरिएकोमा पालिकाले संङ्घीय सरकारको बजेट वाट रु १९४१८०२५।खर्च लेखेकोले विनियोजन गरिएको भन्दा बढी ६४१८०२५। खर्च गरेकोले उक्त रकम संङ्घीय संञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	६४,१८,०२५

३५ **ज्यालादारी कर्मचारी**

लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १७(१) यो ऐन प्रारम्भ भएपछि स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाइने छैन भन्ने व्यवस्था छ। साथै सोही दफाको उपदफा (२)मा उपदफा (१) विपरीत वा यस ऐन बमोजिम तोकिएको अवधिभित्र पदपूर्तिको लागि माग नगरी कसैले ज्यालादारी वा करारमा नियुक्ति गरेमा त्यसरी नियुक्त व्यक्तिले खाइपाई आएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम नियुक्त गर्ने कर्मचारी वा पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न कार्यको लागि पशु प्राबिधिक, सहायक कम्प्यूटर अपरेटर, सवारी चालक, अहेब, ल्याब असिस्टेन्ट, रेडियो ग्राफर, कार्यालय सहयोगी, सवारी चालक लगायतका पदमा दैनिक ज्यालादारीमा कर्मचारी नियुक्त गरी वर्षभरी नै काममा लगाई रु.७२०१९३१.२१ भुक्तानी गरेको छ।कानूनी व्यवस्था विपरित दैनिक ज्यालदारीमा कर्मचारी काममा लगाई वर्षभरी नै सेवा लिएको तथा चालु आ.व.मा लेखापरीक्षणको अवधिसम्म पनि सो कार्य निरन्तर गरिरहेको पाइएकोले कानूनी व्यवस्थाको पालना नगरी भएको उक्त कार्य नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	७२,०१,९३१.२१

३६ **दरबन्दी र पदपूर्ति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्य बोझ राजस्व क्षमता खर्चको आधार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखि कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था रहेको छ । पालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ती सम्बन्धी विवरण देहाय अनुसार छन्ः

क्र.सं.	पद	तह	सेवा	समूह	स्वीकृत दरबन्दि	पदपूर्ति स्थायी	पदपूर्ति करार	पदपूर्ति हुन बाकी
१	प्रमुख प्रशासकीय अधिकृत	रा.प.द्वितीय	नेपाल प्रशासन	सामान्य प्रशासन	१	०	०	१
२	अधिकृत	दशौ	स्थानीय शिक्षा सेवा	शिक्षा प्रशासन र परिक्षण तथा मूल्याङ्कन	१	१	०	०
३	इन्जिनियर	नवौ/ दशौ.	स्थानीय इन्जिनियरिङ्ग	सिभिल	१	०	०	१
४	अधिकृत	नवौ/ दशौ	स्थानीय प्रशासन सेवा	लेखा समूह	१	०	०	१
५	अधिकृत	नवौ/ दशौ	स्थानीय प्रशासन सेवा	सामान्य प्रशा सन	२	१	०	१
६	अधिकृत	आठौ	स्थानीय प्रशासन सेवा	सामान्य प्रशासन	६	४	०	२
७	इन्जिनियर	आठौ	स्थानीय इन्जिनियरिङ्ग	सिभिल	२	२	०	०
८	अधिकृत	आठौ	स्थानीय शिक्षा सेवा	शिक्षा प्रशासन रपरिक्षण तथा मूल्याङ्कन	१	१	०	०
९	अधिकृत	आठौ	स्थानीय प्रशासन सेवा	विविध	१	०	०	१
१०	अधिकृत	आठौ	स्थानीय प्रशासन सेवा	लेखा समूह	१	१	०	०
११	सूचना प्रविधि अधिकृत	छैठौ/ सातौ	विविध सेवा		१	०	०	१
१२	अधिकृत	सातौ	स्थानीय प्रशासन सेवा	सामान्य प्रशासन	१	०	०	१
१३	अधिकृत	छैठौ/ सातौ	स्थानीय प्रशासन सेवा	सामान्य प्रशासन	२	०	०	२
१४	अधिकृत	सातौ	स्थानीय प्रशासन सेवा	लेखा समूह	३	२	०	१
१५	अधिकृत	सातौ	स्थानीय शिक्षा सेवा	शिक्षा प्रशासन र परिक्षण तथा मूल्याङ्कन	२	२	०	०
१६	इन्जिनियर	छैठौ/ सातौ	स्थानीय इन्जिनियरिङ्ग	सिभिल	४	१	०	३
१७	आ ले प अधिकृत	सातौ	आ ले प	लेखा	१	१	०	०
१८	प्राविधिक अधिकृत	सातौ	स्थानीय	सिभिल	२	२	०	०

			इन्जिनियरिङ्ग					
१९	बातावरण इन्जिनियर	छैठौ/ सातौ	वन इन्जिनियर		१	१	०	०
२०	वन अधिकृत	छैठौ/ सातौ	बन सेवा		१	०	०	१
२१	कानून अधिकृत	छैठौ/ सातौ	न्याय	कानून	१	१	०	०
२२	अधिकृत	छैठौ	स्थानीय प्रशासन सेवा	सामान्य प्रशासन	९	९	०	०
२३	अधिकृत	छैठौ/ सातौ	स्थानीय प्रशासन सेवा	लेखा समूह	२	१	०	१
२४	अधिकृत	छैठौ	स्थानीय शिक्षा सेवा	शिक्षा प्रशासन र परिक्षण तथा मूल्याङ्कन	१	१	०	०
२५	प्राविधिक अधिकृत	छैठौ	स्थानीय इन्जिनियरिङ्ग	सिभिल	२	२	०	०
२६	इन्जिनियर	छैठौ	स्थानीय इन्जिनियरिङ्ग	सिभिल	२	०	०	२
२७	इलेक्ट्रिकल इन्जिनियर	छैठौ	स्थानीय इन्जिनियरिङ्ग	इलेक्ट्रिकल	१	०	०	१
२८	इन्जिनियर	छैठौ	स्थानीय इन्जिनियरिङ्ग	स्यानीटरी	१	०	०	१
२९	नगर प्रहरी नायव उपरीक्षक	सातौ	विविध		१	०	०	१
३०	नगर प्रहरी निरीक्षक	छैठौ	विविध		१	०	१	०
३१	नगर प्रहरी सहायक निरीक्षक	चौथो	विविध		३	०	०	३
३२	नगर प्रहरी हवल्दार	तेस्रो	विविध		४	०	४	०
३३	नगर प्रहरी जवान	क्षेणीविहिन	विविध		२५	०	२२	३
३४	प्रशासन	पाचौ/चौथो	स्थानीय प्रशासन सेवा	सामान्य प्रशासन	२१	१३	०	८
३५	कम्प्यूटर अपरेटर	पाचौ/चौथो	स्थानीय प्रशासन सेवा	विविध	९	२	२	५
३६	लेखा सहायक	पाचौ	स्थानीय प्रशासन सेवा	लेखा समूह	१	१	०	०
३७	इलेक्ट्रिकल सव इन्जिनियर	पाचौ	इन्जि	इलेक्ट्रिकल	२	०	०	२

३८	मेकानिकल सव इन्जिनियर	पाचौ	इन्जि	मेकाशकनिकल	१	०	०	१
३९	सर्भेक्षक	पाचौ	स्थानीय इन्जिनियरिङ	सर्भे	२	१	०	१
४०	आ ले प सहायक	पाचौ	स्थानीय प्रशासन सेवा	लेखा समूह	१	०	०	१
४१	प्रा स	पाचौ	स्थानीय शिक्षा सेवा	शिक्षा प्रशासन रपरिक्षण तथा मूल्याङ्कन	३	२	०	१
४२	सहायक	पाचौ	स्थानीय न्याय	न्याय	१	०	०	१
४३	लाइन म्यान	पाचौ	विविध		३	२	०	१
४४	सव इन्जिनियर	पाचौ	स्थानीय इन्जिनियरिङ्ग	सिभिल	४	३	०	१
४५	महिला विकास निरीक्षक	पाचौ	स्थानीय प्रशासन सेवा	विविध	१	१	०	०
४६	कम्प्युटर टेक्निसियन	पाचौ	विविध		१	०	०	१
४७	अ सव इन्जिनियर	चौथो	इन्जिनियरिङ्ग	सिभिल	१	०	०	१
४८	सहायक महिला विकास निरीक्षक	चौथो	स्थानीय प्रशासन सेवा	विविध	२	२	०	०
४९	अमिन	चौथो	इन्जि	सर्भे	६	३	०	३
५०	फायरम्यान	चौथो	विविध		२	१	०	१
५१	टेक्निसियन	०४-मार्च	विविध		१	०	०	१
५२	हेभी सवारी चालक				९	२	६	१
५३	हलुका सवारी चालक				११	३	४	४
५४	खा पा स टे	०३/०४/२००५	इन्जि	स्यानीटरी	४	३	०	१
५५	कार्यालय सहयोगी	श्रेणी विहिन			१६	०	१४	२
५६	फायरम्यान				१५	४	८	३
५७	बगैचे र माली				४	१	०	३
५८	कुचिकार				४०	९	२१	१०
नगरकार्यपालिकाको कार्यालय जम्मा					२४९	८६	८२	८०
वडा तर्फ					११८	७६	२०	२२
भेटनरी तर्फ					५	२	०	३
कृषि तर्फ					५	३	०	२
स्वास्थ्यतर्फ संघ दरबन्दी					१०५	४९	२७	२९
पालिका स्वास्थ्यतर्फ					५७	०	०	५७

आयुर्वेद तर्फ	२	१	१	०
कुल जम्मा	५४१	२१७	१३०	१९४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५४१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ३४७ जना पदपूर्ती भएको देखिन्छ ।पद पूर्ति भएका मध्ये प्रमुख प्रशासकीय अधिकृत विगत २ वर्ष देखि उप महानगर जस्तो कार्यालयमा शिक्षा शाखाका प्रमुखबाट प्रशासनिक कार्य हुँदै आएको छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सि.अ.हे.ब., इन्जिनियर, मे.सु सहित १९४ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ।

३७ **तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी :**

लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ७० को उपदफा ४ मा तोकिएको कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ। तर पालिकाले यस वर्ष पालिका र स्वास्थ्य तर्फका २१७ जना स्थायी कर्मचारीलाई रू.४१५८६२४८६ तलब भुक्तानी गरेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता खर्च लेख्नुपर्दछ।

३८ **पदाधिकारी भ्रमण** (४०४/२०८१।७।१४-):

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **२५८,१७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३९ **योजना जाँचपास तथा फरफारक समितिको बैठक भत्ता** (२२९९।०८२।३।२-):

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७१ मा पूर्व योग्यताको प्रस्ताव, बोलपत्र, परामर्श सेवाको आशयपत्र वा प्रस्ताव वा सिलबन्दी दरभाउ पत्र परीक्षण र मूल्याङ्कन गर्न सार्वजनिक निकायले सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १४७ बमोजिम मूल्याङ्कन समिति गठन हुने व्यवस्था छ। तर योजना जाँचपास तथा योजना फरफारकको लागि छुट्टै समितिको व्यवस्था गरेको छैन। त्यसैगरी अर्थ मन्त्रालयद्वारा प्रकाशित कार्यसञ्चालन निर्देशिका, २०८१ को परिच्छेद-७ को दफा ४५(४) मा कानून बमोजिम गठित समिति वा वोर्डहरुको लागि मात्र भत्ता प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष योजना जाँचपास तथा फरफारक समितिको बैठक बसेको देखाई विभिन्न मितिमा योजनाहरुको फरफारक र जाँचपास गर्नको लागि समितिको बैठक बसेको देखाई गो.भौ. २२९९/२०८२।३।२ बाट रु.२,५५,००० बैठक भत्ता भुक्तानी गरेको छ। पालिकाले उक्त बैठकहरु अतिरिक्त(कार्यालय समय बाहेक)समयमा बैठक बसेको भनि बैठक भुक्तानी गरेता पनि कानूनद्वारा स्पष्ट तोकिएको बाहेकको समिति(शाखागत रुपमा दैनिक गर्नुपर्ने कार्यसम्पादनको लागि) बैठक बसी खर्च लेखेको पाइएकोले योजना जाँचपास तथा फरफारक समितिको गठन गरी उक्त समितिको बैठक बस्दा बैठक भत्ता खान पाउने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

भुक्तानी पाउनेको नाम	खर्च रकम	कर कट्टी	भुक्तानी रकम कर पछी
कृतिमान जोशी	१०००	१५०	८५०
कमल देव पाण्डे	१००००	१५००	८५००
गुरु प्रसादभट्टराई	३०००	४५०	२५५०
टिका वहादुर पछाई	१०००	१५०	८५०
दिवश श्रेष्ठ	३०००	४५०	२५५०
निलम गौतम	२९०००	४३५०	२४६५०
प्रेम वहादुररास्कोटी	१०००	१५०	८५०
वसन्ती वि क	२९०००	४३५०	२४६५०
लक्ष्मण खराल	१०००	१५०	८५०
लोकनाथ न्यौपाने	२९०००	४३५०	२४६५०
शंकर वहादुर शाह	३०००	४५०	२५५०
शिव राना	१६०००	२४००	१३६००
हरि प्रसादश्रेष्ठ	२९०००	४३५०	२४६५०
जम्मा			**१३१७५०**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **२४,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **११,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **११,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **१९,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	१,३१,७५०

४० **अनुगमन भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **८५०** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४१ **इ-रिक्सा अनुगमन सम्बन्धमा :**

४१.१ (२५५७-२०८२।३।१४-):

अर्थ मन्त्रालयबाट प्रकाशित कार्यञ्चालन निर्देशिका, २०८१ को सि.नं. ४५ मा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ र भ्रमण खर्च नियमावली, २०६४ तथा प्रचलित कानुनमा सरकारी खर्चको निश्चित मापदण्ड नतोकिएको अवस्था भएमा त्यस्तो मापदण्ड तोकिदिन सम्बन्धित निकायबाट लेखी आएमा उक्त विषयमा अर्थ मन्त्रालयले मापदण्ड तोकिसकेको भए सोही आधारमा खर्च गर्न स्वीकृति दिनु पर्दछ। मापदण्ड नतोकिएको नयाँ विषय भए अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखा सबै सेक्टरका पदाधिकारीहरु बसी उक्त कार्यक्रम सम्पन्न गर्न र त्यसबाट भविष्यमा पर्न सक्ने दीर्धकालिन आर्थिक दायित्व र प्रभाव तथा उपलब्ध स्रोत साधन समेतलाई विचार गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा (४) बमोजिम खर्चको मापदण्ड बनाई स्वीकृत गराउनु पर्दछ। यस्तो मापदण्ड सबै सरकारी निकायले पालना गर्नु पर्नेछ। खर्च गर्ने मापदण्ड तथा कार्यविधि सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ तथा नियम ४१ का व्यवस्थाहरु अनिवार्य रुपमा पालना गर्नु पर्नेछ। पालिकाले आफैले निर्माण गरेको आर्थिक तथा आन्तरिक नियन्त्रण कार्यविधि २०८० मा अनुगमन भत्ता को व्यवस्था गरेको देखिएन तर पालिकाले गो.भौ.२५५७ मिति २०८२।३।१४ वाट नगर प्रमुख देखि नगर प्रहरीसम्म ६३ जनाले रुट इजाजत बिना संचालनमा आएका ई-रिक्साहरुको अनुगमन गरेको भनि रु.७४८८००। भुक्तानी भएको छ यस्तो रकम खर्च गर्दा खर्चको मापदण्ड तयार पनि नगरेको र संङ्घीय कानुनमा समेत अनुगमन भत्ता भुक्तानी गर्ने मिल्ने नदेखिएकोले उक्त खर्च अनियमित भएको रु.

अनियमित भएको	७,४८,८००

४१.२ (२९१४-२०८२।२।२४-):

पालिकाको कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि, २०७५ अनुसार तोकिए वमोजिम प्रोत्साहन भत्ता उपलव्ध गराई रु १५९३९१३७। खर्च लेखिसकेपछि पुनः रुट इजाजत नलिएका ई रिक्सा तथा टेम्पोहरु नियन्त्रणमा लिई जरिवाना स्वरुप रु ७६०००००। असूली गरिएको भनि सो काम गरेवापत प्रोत्साहन भत्ता उपलव्ध गराई अधिकृत छैठौं पुष्पराज ज्ञवालीलाई कर कट्टा गरिसकेपछि रु १८०६२५। भुक्तानी दिएकोले र ई रिक्सा अनुगमनमा समेत रु ७४८८०० खर्च लेखिसकेपछि पुनः प्रोत्साहन भत्ता भुक्तानी हुने प्रमाण पेश हुनुपर्ने अन्यथा असूल गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,८०,६२५

४२ **कर्मचारी जीवन बीमा प्रिमियम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष कर्मचारी जीवन बिमा प्रिमियम कार्यक्रम अन्तर्गत प्रति कर्मचारी रु.९६००। मा नबढ्ने गरी बिमा प्रिमियम भुक्तानी गरेको रसिदको आधारमा रु.९,२५,८२६ सम्बन्धित कर्मचारीलाई भुक्तानी गरेको छ। कर्मचारीलाई उक्त सुविधा पाउने कानूनी आधार पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	९,२५,८२६

४३ **दरबन्दी बाहिरको करार**

लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १६(१) मा स्थानीय सेवाको पदमा यस ऐनमा व्यवस्था भएदेखि बाहेक अन्य तरिकाबाट पदपूर्ति गरिने छैन भन्ने व्यवस्था छ। त्यसैगरी सोही दफाको उपदफा (२)मा उपदफा (१) विपरीत गरिएको नियुक्ति स्वतः बदर हुनेछ र त्यसरी नियुक्त भएको व्यक्तिले पाएको तलब, भत्ता र अन्य सुविधा नियुक्ति गर्ने अधिकारीबाट असुल उपर गरिनेछ भन्ने व्यवस्था गरिएको छ। तर पालिकाले विभिन्न पदमा करार कर्मचारी राखी रु.५ करोड ६८ लाख ११ हजार खर्च लेखेको छ। त्यसैगरी स्थानीय सरकार संचालन ऐन,२०७४ दफा ८३ को उफदफा ८ मा नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, प्लम्वर, इलेकट्रिसियन, चौकीदार, माली, बगैचे र सरसफाइ सम्बन्धित पदमा करार सेवाबाट लिन सकिने व्यवस्था छ। पालिकाले माथि उल्लेखित पद वाहेक अन्य विभिन्न स्वास्थ्य तर्फका सहायक पाँचौ, पब्लिक हेल्थ नर्स, ल्याव अस्सिटेन्ट, अनमी पदमा करारमा २३ जना नियुक्ती गरी रु.५९६४३९७ खर्च लेखेको नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	५९,६४,३९७

४४ **बिलम्ब शुल्क**

लुम्बिनी प्रदेश, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को दफा २० मा पानी, विजुली र टेलिफोन रकम भुक्तानी गर्दा अपनाउने कार्यविधि सम्बन्धी व्यवस्था छ। पालिकाले यस वर्ष खानेपानी तथा बिजुली खर्च शीर्षक अन्तर्गत पालिका र सो अन्तर्गतका वडा कार्यालयहरुको विद्युत महशुल शुल्क भुक्तानी गर्दा भुक्तानी समयमा नभएकोले जरिवान समेत बुझाएको पाइएकोले समयमै महशुल भुक्तानी गरी विलम्ब शुल्क तिर्नुपर्ने अवस्थामा सुधार ल्याउनु पर्दछ।

क्र.सं.	गो.भौ.नं.	बिलम्ब शुल्क	कैफियत
१	८०/२०८१।५।३१	१३७५३	-
२	१८७/२०८१।६।१३	३४८५	-
३	२८९/२०८१।६।२३	३००००	वडा नं. ५
४	२९७/२०८१।६।२३	४५०९	वडा नं. ३
५	३६४/२०८१।७।१३	१३९२२	वडा नं. ५
६	४४०/२०८१।७।२८	१७४५६	वडा नं. ४
७	४९७/२०८१।८।६	४३२२	
८	६०८/२०८१।८।२१	१७६७	वडा नं. १
९	७४९/२०८१।९।८	७४२४	वडा नं. २
१०	२६८६/२०८२।३।१८	३७९६१	हाई मास लाइट
११	२०८०/२०८२।२।१६	४०५१	वडा नं. ४
	जम्मा	**१३८६५०**	

४५ **नर्म्स भन्दा बढी भुक्तानी**

४५.१ (क) लुम्बिनी प्रदेश, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को दफा १३ को अनुसूची ५ को सि.नं. ३ मा ७ कार्यदिनसम्मको सीप तालिम कक्षागत रुपमा र सो भन्दा बढीको सीप तालिममा आवधिक रुपमा(पालिकाले सीप विकास सम्बन्धी तालिमको लागि खर्च मापदण्ड नबनाएकोले) स्रोत व्यक्तिको व्यवस्था गर्नुपर्ने व्यवस्था छ। सोही व्यवस्थाको (२) मा ३० कार्यदिन भन्दा बढी मासिक मुख्य प्रशिक्षकलाई रु.४० हजार र सहायक प्रशिक्षकलाई रु.३२ हजार (२ जनासम्म स्रोत व्यक्ति राख्न सकिने)गरी कुल रु.७२ हजारसम्म प्रशिक्षक भत्ता भुक्तानी गर्न सकिने व्यवस्था छ। त्यसैगरी तालिम संयोजक(७ दिनसम्म प्रतिदिन रु.१००० र सो पश्चात प्रतिदिन रु.५०० का दरले ३० दिन) भुक्तानी गर्न सकिने व्यवस्था छ। पालिकाले यस वर्ष देहायका तालिम कार्यक्रमको लागत अनुमानको तयार गर्दा (आवधिक तालिम सम्बन्धमा पालिकाले छुट्टै नर्म्स तयार नगरेको) प्रशिक्षण वापत देहाय बमोजिम लागत अनुमान तयारी गरी सोको लागि प्रस्ताव माग गरी देहायका संस्थाहरुले पेश गरेको प्रस्ताव स्वीकृत गरी उक्त संस्थाद्वारा जारी गरिएको मु.अ.कर बील बिजक बमोजिम भुक्तानी दिएको देखिएकोले स्वीकृत नर्म्स भन्दा बढी भुक्तानी भएको रकम देहाय बमोजिम असुल गर्नुपर्ने रु.

गो.भौ./मिति	खर्चशीर्षक	भुक्तानी लिने	खर्च मापदण्डअनुसारको नर्म्स	स्वीकृत लागतअनुमान रकम	पेश भएको लागतअनुमान	बढी भुक्तानी	कैफियत
२८७६/२०८२।३।२४	३०दिने एडभान्स सिलाई कटाई तालिम	तिनाउबहुप्राबिधिक शिक्षालय प्रा.लि.	७२०००	१५००००	१५००००	७८०००	प्रशिक्षक पारिश्रमिक
			१८५००	३००००	२७०००	८५००	कार्यक्रम संयोजक
२६८७/२०८२।३।१८	३०दिने पूर्व बाल विकास सहजकर्ता तालिम	पचकन्याट्रेनिङ्ग इन्स्टिच्यूट प्रा.लि.	७२०००	१५००००	१४९४००	७७४००	प्रशिक्षक पारिश्रमिक
जम्मा						**१६३९००**	

असुल गर्नुपर्ने	१,६३,९००

४५.२ (ख) पालिकाको आर्थिक तथा आन्तरिक नियन्त्रण कार्यविधि, २०८० को परिच्छेद-७ को दफा १५(२क) मा प्रशिक्षकलाई प्रति सेसन रु.२ हजार र कार्यपत्र वापत रु.१ हजार भुक्तानी गर्न सकिने व्यवस्था छ। पालिकाले यस वर्ष सञ्चालन गरेका देहायका कार्यक्रममा आन्तरिक प्रशिक्षकलाई कार्यपत्र वापतको भत्ता भुक्तानी गर्दा उक्त कार्यविधिको पालना नगरी देहाय अनुसार भुक्तानी गरेको पाइएकोले उक्त बढी भुक्तानी देहाय बमोजिम असुल गर्नुपर्ने रु.

गो.भौ.	कार्यक्रम	भुक्तानी लिने	सेसन	पालिकाको नम्स/ दर	कार्यक्रममा भएको भुक्तानी दर	बढी भुक्तानी करपछि
१९१/२०८१।६।१३	सहकारी तालिम	मित्रमणीखनाल	१	१०००	२०००	८५०
		तुलसा अर्याल	१	१०००	२०००	८५०
		गुणाकर खनाल	१	१०००	२०००	८५०
३८५/२०८१।७।१३	७ दिनेसहकारी लेखा ब्यबस्थापन तालिम	मित्रमणी खनाल	१	१०००	२०००	८५०
		तुलसा अर्याल	१	१०००	२०००	८५०
		गुणाकर खनाल	२	१०००	२०००	१७००
		बाबुराम पौडेल	संयोजक भत्ता पालिकाको खर्च मापदण्ड अनुसार रु.५००० अधिक्तमभुक्तानी लिन मिल्नेमा रु.७००० भुक्तानी लिएको			१७००
जम्मा						**७६५०**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	७,६५०

४६ **बढी भुक्तानी** (६६।२०८१।८।१०-):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) सरकारी रकम खर्च गर्दा वील भरपाई साथ लेखा राख्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निर्माण कार्य सुरु भएको आ.व ०७५।७६ मा जितगढी तेक्वान्दो विकास समिति भवन निर्माण गर्न सम्झौता गरी कुल खर्च रु.३७९८३५९।२७ रहेकोमा अधिल्लो बिलसम्ममा कुल रु.२०१०२४३ भुक्तानी भएको र अन्तिम वील रु.१७,८८,११६।२४ भुक्तानी हुनुपर्नेमा रु.१७,९७,३३५।०० भुक्तानी दिएकोले कुल बील भन्दा बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	९,२१८

४७ **पेश्की सम्बन्धमा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को ५ मा सार्वजनिक निकायले उप नियम (१) बमोजिम दिएको पेस्की रकम खरिद सम्झौतामा उल्लेख भए वमोजिम प्रत्येक रनिङ वील वा अन्य वील वीजकवाट कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले गलामीपथ फुटपाथ सडक स्तरोन्नती गर्नका लागि पटेल कन्ट्रक्सनसँग मिति २०८१।३।५ भित्रमा कार्य सम्पन्न गर्नेगरी मिति २०८०।९।२६ मा रु १,०८,१९,१००।५२ सम्झौता गरी सम्झौताको ५७.२ मा निजलाई कार्य सम्पादनको आधारमा पेस्की दिने र पेस्की फस्र्योट गर्दा ३० प्रतिशत भन्दा माथि काम हुँदै गएपछि प्रत्येक रनिङ वीलवाट पेस्की कट्टा गर्दै जाने र ८० प्रतिशत काम सम्पन्न भएपछि निजलाई दिएको पेस्की रकम पुरै कट्टा गर्नपर्ने व्यवस्था गरी सम्झौता भएकोमा निजलाई भौ.नं.४१३ मिति २०८०।१०।२० मा रु १०,००,०००। ,भौ.नं. ४३८ मिति २०८०।१०।२९ मा रु ९,९१,०००। गरी रु १९,९१,०००। दिएको पेस्की काम सकिएको ८३.३२ प्रतिशत अर्थात दोश्रो रनिङ वीलसम्म रु.१,१२,१६,६५८।४१ हुँदासम्म निजलाई दिएको पेस्की रु.१०,००,०००। बाँकी नै रहेको र भौ.नं. ४७ मिति २०८१।११।११ मा मात्र पेस्की फस्र्योट गरेकोले सम्झौता बमोजिम ८० प्रतिशत काम सकिंदा पेस्की फस्र्योट नगरी चालु आ व मा मात्र फस्र्योट गरेको पाइयो।

४८ **खरिद प्रतिस्पर्धा नभएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (४) मा सार्वजनिक निकायले एक लाख रूपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने व्यवस्था रहेको छ। कार्यालयले निम्न अनुसारका खरिद कार्य गर्दा सो नियमावलीको व्यवस्थाको पालना नगरी सम्झौताका आधारमा गरेको भुक्तानी नियम सम्मत नदेखिएको रू.

क्र.सं.	गो.भौ./मिति	कार्यको विवरण	संलग्नसेवा प्रदायक	रकम
१	६५३/२०८१।९।२	अध्ययन अवलोकन भ्रमण	लु २ ख ६५२४ गाडी	१०२०००
२	६२०/२०८१।८।२४	अध्ययन अवलोकन भ्रमण वडा नं. ८	दिपक थापा लु २ ख ६२६८	१६८०००
३	१४०९/२०८१।१२।६	अध्ययनअवलोकन भ्रमण ज्येष्ठ नागरिक वडा नं. १९	हिमालभट्टराई लु २ ख ३८५	१६००००
			जम्मा	**४३००००**

अनियमित भएको	४,३०,०००

४९ **अध्ययन अवलोकन भ्रमण**

यस वर्ष पालिकाका जनप्रतिनिधि तथा कर्मचारी नेपालको विभिन्न भागमा अध्ययन अवलोकन भ्रमण गरी रु.६४,८२,७८३ खर्च गरेको देखिएको छ। उक्त भ्रमणबाट सिक्ने पक्ष विकास निर्माण र कृषि तथा पर्यटकीय क्षेत्रको असल अभ्यास रहेकोमा सो भ्रमण पश्चात सिकेको सिकाईलाई आधार मानि पालिकाको आगामि योजना बनाउदा अवलम्बन गर्नुपर्ने सुझाव सहितको प्रतिवेदन पेश गर्नुपर्नेमा सो गरेको पाइएन। यस वर्ष पालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको अध्ययन अवलोकन भ्रमण सम्बन्धि विवरण देहाय अनुसार रहेको छ:

क्र.स.	भ्रमण गर्ने पदाधिकारी/ कर्मचारी	स्थान	भ्रमण अवधि	खर्च	कार्यक्रम संयोजन गर्ने
१	२ नं. वडा स्तरीय	कोहलपुर-सुर्खेत-दैलेख-कर्णालि	२०८१-११-१४ देखि २०८१-११-१७	१३३७००	उषा ढुंगाना अधिकृित छैठौं
२	९ नं. वडा स्तरीय	दैलेख-जाजरकोट-सल्यान-सुर्खेत	२०८१-११-१५ देखि २०८१-११-१९	३४११८५	रोमकान्त आचार्य वडा सचिव
३	७ नं. वडा स्तरीय	पोखरा-म्याग्दी -बेनी-मुस्ताङ	२०८१-०७-२१ देखि २०८१-०७-२४	२९४८३९	ममता क्षेत्री वडा सचिव
४	६ नं. वडा स्तरीय	पाल्पा-गुल्मी-म्यादी-मुस्ताङ	२०८१-१२-२२ देखि २०८१-१२-२७	३१७२४०	नारायण प्रसाद खनाल वडा सचिव
५	५ नं. वडा स्तरीय	रुद्रवेणी-जोमसोम-मुस्ताङ-पोखरा	२०८२-०२-११ देखि २०८२-०२-१६	२४८९५०	राधिका श्रेष्ठ वडा सचिव
६	३ नं. वडा स्तरीय	पाल्पा-गुल्मी-म्यादी-मुस्ताङ-पोखरा	२०८१-०७-२७ देखि २०८१-०८-०२	१९२३७५	गणेश प्रसाद न्यौपाने वडा सचिव
७	१ नं. वडा स्तरीय	मुगु-राराताल-जुम्ला-विरेन्द्रनगर	२०८२-०१-१८ देखि २०८२-०१-२४	३५८२८५	पार्वती कुमारी पौडेल वडा सचिव
८	विधालयका प्र.अ.	चितवन -पर्सा हुदै भोजपुर ताप्लेजुङ	२०८१र१२र१५-२० र २०८२र२र११-१६	६०००००	टिकाराम शर्मा पौडेल हेडसर ज्ञानोदया मा वि
९	सरसफाइकर्मी	पोखरा-म्याग्दी -बेनी-मुस्ताङ	२०८२र२र८-११ र २०८२र२र१३-१६	२७०३५५	माधव बहादुर राना का स
१०	मेलमिलापकर्ताहरु	पोखरा म.न.पा-जि.प्र.का.कास्की	२०८१-०९-१३ देखि २०८१-०९-१६	५१६४१४	विष्णु कुमारी पुरी अधिकृत छैठौं
११	१६ नं. वडा स्तरीय	कर्णाली-घोडाघोडी-महाकाली-टनकपुर	२०८१-१२-०६ देखि २०८२-१२-१०	३०२५५०	देवराज श्रेष्ठ वडा सचिव
१२	१८ नं. वडा स्तरीय	मिर्मी-सिरुवारी-पोखरा-घान्द्रुक	२०८१-११-१४ देखि २०८२-११-१६	१९१५४०	दामोदर अर्याल वडा सचिव
१३	१९ नं. वडा स्तरीय	पाल्पा-पोखरा-म्यादी-मुस्ताङ	२०८१-१०-१६ देखि २०८१-१०-१९	१७३३००	होमलाल भण्डारी सहायक वडा सचिव
१४	१५ नं. वडा स्तरीय	पाल्पा-पोखरा	२०८१-०८-१४ देखि २०८१-०८-१६	१९६४४०	मेघराज काफ्ले वडा सचिव
१५	१४ नं. वडा स्तरीय	बाग्लुङ-पर्वत-कास्की	२०८१-०८-१४ देखि २०८१-०८-१७	३७४११०	सुजन पौडेल वडा सचिव
१६	१३ नं. वडा स्तरीय	कास्की-पर्वत-म्याग्दी -मुस्ताङ	२०८१-०५-०९ देखि २०८१-०५-१५	१९००००	टिकाराम न्यौपाने वडा सचिव
१७	१२ नं. वडा स्तरीय	बाग्लुङ-पर्वत-म्याग्दी-मुस्ताङ	२०८२-०२-२६ देखि २०८२-०२-२९	२३७८५०	झविन्द्र थापा वडा सचिव

क्र.स.	भ्रमण गर्ने पदाधिकारी/ कर्मचारी	स्थान	भ्रमण अवधि	खर्च	कार्यक्रम संयोजन गर्ने
१८	११ नं. वडा स्तरीय	कपिलवस्तु हुदै दैलेखका विभिन्न पालिका	२०८१-११-१३ देखि २०८१-११-२०	५५५९००	राम प्रसाद खनाल वडा सचिव
१९	१० नं. वडा स्तरीय	कास्की-पर्वत-म्याग्दी -मुस्ताङ	२०८१-०८-१२ देखि २०८१-०८-१८	२९८७५०	प्रेम बहादुर बुढाथोकी वडा सचिव
२०	नगरप्रमुख स्तरीय	पाल्पा-स्याङ्जा -मुस्ताङ	२०८२-०२-०५ देखि २०८२-०२-०८	६८९०००	नगर प्रमुख खेलराज पाण्डे
जम्मा				**६४८२७८३**	

५० **अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २६ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, श्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहको लागि गाउँपालिका वा नगरपालिकासँग साझेदारी,सम्झौता वा संयुक्त व्यवस्थापन गर्न सकिने छ भन्ने व्यवस्था रहेको छ । पालिकाले बुटवल खानेपानी आयोजना सञ्चालन सम्बन्धमा उठेका विवाद समाधान गर्न मिति २०८०।११।२२ वसेको बैंठकले बुटवल उपमहानगरपालिकाले आ.व २०८१।८२ देखि तीन वर्षसम्म तिनाउ गाउँपालिकाको सञ्चित कोषमा रकम दाखिला हुनेगरी खानेपानी योजनाको सञ्चालन तथा योजनाको निर्माण गर्न प्रत्येक वर्ष रु.२ करोड उपलब्ध गराउने गरी तिनाउ गाउँपालिकाको झुम्का खानेपानी सञ्चालनका सम्बन्धमा उठेका विवाद निरुपण समितिको वैंठकको निर्णय अनुसार रु.२ करोड निकासा अनुदान दिएको र तिनाउ गाउँपालिकाले उक्त रकम स्थानीय सञ्चित कोषमा दाखिला गरी विभिन्न कार्यक्रम सञ्चालन गर्न कार्यक्रम तथा बजेटमा समावेश गरी खर्च गरेको छ।

५१ **सूचना प्रणाली सफ्टवेयर निर्माण** (२०७।२०८२।३।१४-):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४, उपनियम (२)मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष वैदेशिक रोजगारीबाट फर्केका, बेरोजगार र विभिन्न तहका सीप भएका युवाको तथ्याङ्क सङ्कलन गर्ने सूचना प्रणाली निर्माण तथा व्यवस्थापनको लागि इनोभेटिभ एण्ड एक्शपटाईज टिम टेक्नोलोजी प्रा.लि.सँग सम्झौता गरी रु.२९५५४०।- सफ्टवेयर खरिद भुक्तानी गरेको छ। उक्त सफ्टवेयर मार्फत बेरोजगार तथा विभिन्न तहका सीप भएका युवाको तथ्याङ्क संकलन तथा व्यवस्थापन सम्झौता २०८२।२।११ मा भई मिति २०८२।३।०६ मा कार्यसम्पन्न भएको छ तर सूचना प्रविधि विभागबाट समेत पूर्व स्वीकृति लिएको पाइएन। सो सफ्टवेयर हालसम्म संचालनमा आइनसकेको तथा प्रक्रियामा रहेको भन्ने पालिकाको भनाई रहेको छ। उक्त सफ्टवेयर सञ्चालनमा ल्याउनु पर्दछ।

५२ **नर्म्स भन्दा बढी भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **४,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **३,५१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५३ **अनुपातिक कट्टी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम (५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष देहायको कार्यको सम्झौतामा उल्लेख भए अनुसार उक्त कार्यको कुल लागत अनुमान अनुसार उक्त कार्यहरुमा लागेको वास्तविक खर्च वापत भुक्तानी गर्दा पालिकाले व्यहोर्नुपर्ने लागतको अनुपातिक अशं नघटाई भुक्तानी गरेको पाइएकोले उक्त अनुपातिक अंश देहाय बमोजिम असुल गर्नुपर्ने रु.

गो.भौ.	कार्यक्रम	भुक्तानी पाउने	कुल लागत अनुमान	सम्झौता अनुसारकोपालिकाको अंश प्रतिशतमा	कुल खर्च रकम	भुक्तानीहुनुपर्ने रकम	भुक्तानी रकम	
२८८०२०८२।३।२४	कानूनी सचेतना कार्यक्रम	नेपालडेमोक्रेटिक लयर्स एशोसियसन	६०५५००	८२.५८	५७१६७२	४७२०८७	५०००००	
२४८१/२०८२।३।११	ग्रील तथास्टिल ब्यबसायी कार्यक्रम	ग्रील तथास्टिल ब्यबसायी संघ रुपन्देही	२५००००	८०	२४५२३०	१९६१८४	२०००००	
२१३६/२०८२।२।२०	नेवा देव दवु नगर समितिलाई तालिम खर्च	नेवादेव दबु नगर समिति	२७८०००	७२	२७२९५०	१९६५२४	२०००००	
१८६९/२०८२।१।२१	उपभोक्ताहित प्रवर्धन तथा नियमन कार्यालय	उपभोक्ताहित संरक्षण मञ्च नेपालबाट असुल गर्नुपर्ने	३३१३३०	९०.५४	३२७७१३	२९६७११	३०००००	
जम्मा								

असुल गर्नुपर्ने	३८,४९४

५४ **प्रोत्साहन भत्ता**

बुटवल उप-महानगरपालिकाको कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि, २०७५ को परिच्छेद-२ को दफा ३.१ मा बुटवल उप-महानगरपालिकाले आफ्ना कर्मचारीलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने अवस्था तोकेको छ भने दफा ३.२ ले श्रेणी विहीन कर्मचारीहरुलाई निजको आधारभूत पारिश्रमिकको २२ प्रतिशत, सहायकस्तर खरिदार, ना.सु. वा सो सरह र वडा कार्यालयमा खटिने अधिकृतस्तर समेतलाई निजको आधारभुत पारिश्रमिकको २० प्रतिशत, साथै कार्यपालिका कार्यालयमा खटिने अधिकृत स्तरका कर्मचारीहरुलाई निजको आधारभूत पारिश्रमिकको १५ प्रतिशतका दरले मासिक प्रोत्साहन भत्ता उपलब्ध गराउने व्यवस्था छ। यस वर्ष पालिकाले प्रोत्साहन भत्तामा बजेट विनियोजन गरी स्थायी तर्फ १९० जना, करार तर्फ १२७ जना, शिक्षा सेवा लगायतका कर्मचारीहरुलाई कुल रु.१,५९,३९,१३७ भुक्तानी गरेको छ।पालिकाले हरेक महिना कर्मचारीलाई प्रोत्साहन भत्ता उपलब्ध गराएकोमा अतिरिक्त समयमा गरिने काम र सोबाट प्राप्त हुने नतिजाको सम्बन्धमा लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गराइएको हुनु पर्ने, प्रोत्साहन भत्ता प्रदान गर्ने प्रयोजनका लागि कर्मचारीको हाजिरीलाई पारदर्शी बनाउनको लागि विद्युतीय हाजिर प्रणाली लागु भएको हुनु पर्ने, यस्तो भत्ता भुक्तानी गर्दा उल्लेखित शर्तहरु पुरा भएको अभिलेख प्रमाणित गरी राखेको छैन। कार्यविधिले तोकेको प्रकृया पुरा भएको अभिलेख संलग्न नगरी आन्तरिक आय तथा कार्यबोझ तथा कार्य-उपलब्धी मूल्याङ्कन नगरी, मापदण्ड निर्धारण नगरी खर्च

गरेको यस्तो खर्चमा नियन्त्रण गरिनु पर्दछ।

५५ **दोहोरो प्रोत्साहन भत्ता**

५५.१ (२७६५।२०८२।३।२२-):

बुटवल उप-महानगरपालिकाको कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि, २०७५ को परिच्छेद-२ को दफा ३.१ मा बुटवल उप-महानगरपालिकाले आफ्ना कर्मचारीलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने अवस्था तोकेको छ भने दफा ३.२ ले श्रेणी विहीन कर्मचारीहरुलाई निजको आधारभूत पारिश्रमिकको २२ प्रतिशत, सहायकस्तर खरिदार, ना.सु. वा सो सरह र वडा कार्यालयमा खटिने अधिकृतस्तर समेतलाई निजको आधारभुत पारिश्रमिकको २० प्रतिशत, साथै कार्यपालिका कार्यालयमा खटिने अधिकृत स्तरका कर्मचारीहरुलाई निजको आधारभूत पारिश्रमिकको १५ प्रतिशतका दरले मासिक प्रोत्साहन भत्ता उपलब्ध गराउने व्यवस्था छ।पालिकाले कर्मचारीहरुलाई प्रोत्साहन भत्ता प्रदान गर्दा अवलम्बन गर्नुपर्ने आधारभूत मापदण्ड तथा सूचकको पालना नगरी पटक पटक निर्णय गरी कर्मचारीले अतिरिक्त कार्य गरेको देखाई थप(दोहोरो पर्ने गरी) प्रोत्साहन भत्ता भुक्तानी गरिएकोमा थप एवं गरेको छ। यसरी कर्मचारीलाई मासिक तलब भुक्तानी गर्दा नै प्रोत्साहन भत्ता भुक्तानी दोहोरो पर्ने गरी प्रोत्साहन भत्ता स्वीकृत गर्नु पर्ने कारण र सो वापत सम्पादित कामको स्पष्ट विवरण नराखि पटके निणर्य गर्ने/गराउने कर्मचारी/पदाधिकारीलाई कानुन बमोजिम जवाफदेही बनाउनुपर्ने देखिन्छ। यस सम्बन्धमा देखिएको व्यहोरा निम्न बमोजिम रहेका छन् :

(क) २७६५।२०८२।३।२२, २०८१।१२।२७ को निर्णय बमोजिम लगायत र आ व २०८२।८३ को बजेट निर्माणमा खटिएका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता दोहोरो परेको देखिएकोले देहाय बमोजिम असुल हुनुपर्ने रु.

नाम थर	पाउने रकम	कर कट्टी	भुक्तानी भएको खुद रकम
अशोक पाण्डेय	५०१४०	५०२	४९६३८
टंकनाथ आचार्य	४५१३६	४५१	४४६८५
महेश घर्ति	४२९००	४३०	४२४७०
प्रशान्त भट्टराई	४०९२०	४१०	४०५१०
गिरिजा प्रसाद पन्थी	४१४१५	४१५	४१०००
दिवस श्रेष्ठ	४०५६०	४०५	४०१५५
हरिकला बेल्वासे	३०४२०	३०४	३०१२६
निर्मला थापा	३०४२०	३०४	३१११६
जम्मा	**३२१९११**	**३२२१**	**३१९७००**

असुल गर्नुपर्ने	३,१९,७००

५५.२ (२९०४।२०८२।३।२४-):

(ख) मिति २०८२।२।१६ को निर्णय बमोजिम राजस्व प्रशासन शाखा तथा राजस्वसँग सम्बन्धित कार्य गरेको भनि प्रोत्साहन भत्ता दोहोरो परेको देखिएकोले देहाय बमोजिम असुल हुनुपर्ने रु.

नाम थर	भत्ता रकम	कर कट्टी	भुक्तानी रकम करकट्टी
जीवन भट्टराई	७६२९	११४४	६४८५
रमेश पौडेल	११८८०	१७८२	१००९८
जम्मा	**१३५०६४**	**२०२६४**	**१६५८३**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **१०,०७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **८,२२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **९,४६४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **६,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **१२,७२९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **८,४५३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **७,२९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **६,२३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **९,२५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **५,५६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **५,०७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **९,५४७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१६,५८३

५५.३ (२८३/२०८१।६।२३-):

(ग) विद्युतीय जिन्सी प्रणालीलाई अध्यावधिक लगायतको कार्यहरुको लागि कार्यालयको समयको अतिरिक्त कार्य गरे वापत मिति २०८१।४।२० को निर्णय बमोजिम थप प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्य दोहोरो परेकाले उक्त रकम असुल गर्नुपर्ने रु.

नाम थर	भत्ता रकम	कर कट्टी	भुक्तानी रकम करकट्टी
गिरिजा प्रसाद पन्थी	३३०००	३३०	३२६७०
दिवस श्रेष्ठ	३१२०१	३१२	३०८८९
हरिकला बेल्बासे	२३३९९	२३४	२३१६५
किर्तिमान जोशी	५९८०	६०	५९२०
जम्मा	**९३५८०**	**९३६**	**९२६४४**

असुल गर्नुपर्ने	९२,६४४

५६ **खेलकूद सञ्चालन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (४) को (क) ४ मा स्थानीय तहले खेलकूद प्रतियोगिता आयोजना र सहभागिता जनाउन सक्ने व्यवस्था रहेको छ । पालिकाले मिति २०८१ पौष १७ गते देखि २४ गते सम्म सञ्चालन भएको मदन भण्डारी गोल्डकप इन्डो नेपाल रनिङ शिल्ड सञ्चालन गरेको भनि होटल वील लगायत अन्य वील समावेश गरी भुक्तानीको लागि माग गरेकोमा पालिकाले भौ नं १४७० मिति २०८१।१२।८ वाट रु १२०००००। र भौ नं १४७९ वाट मिति २०८१।१२।१० वाट रु १३०००००। रु २५०००००। भुक्तानी दिएकोमा पालिकाले सो खेलकूदका लागि वर्षे अधिवेशनवाट रु १२०००००। बजेट विनियोजन गरेको र पालिकामा मिति २०८१।१०।१२ मा वसेको नगर सभाको बैंठकले पुनः रु १३०००००।गरी रु.२५०००००। थप सहयोग गर्नेगरी निर्णय भए बमोजिम दिएको देखिएकोमा यस्ता खेलकूद क्रियाकलाप सञ्चालन गर्दा के कति सहयोग उपलव्ध गराउने हो सोको स्पष्ट मापदण्ड निर्धारण गरी सहयोग उपलब्ध गर्नु गराउनु पर्दछ।

५७ **अन्य निकायको अवलोकन भ्रमण खर्च भुक्तानी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने जनताको जीवनस्तर, आम्दानी, रोजगार बढ्ने जस्ता योजनालाई प्राथमिकता दिई बजेट विनियोजन गरी खर्च गर्नुपर्ने व्यवस्था छ। साथै आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २४(२)मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समितिहरुलाई अध्ययन भ्रमण तथा तीर्थयात्रा जस्ता कार्यक्रमको लागि बजेट विनियोजन तथा वडा कार्यालयको सिफारिसका आधारमा देहाय अनुसार खर्च भुक्तानी गरेको नियम सम्मत नभएको रु.

गो.भौ./मिति	संस्था/निकाय	कार्य	रकम
२५०५/२०८१।३।१२	उज्जवलयूवा क्लबलाई उक्त क्लबका पदाधिकारीहरुको अवलोकन भ्रमण	अवलोकन भ्रमण /भुक्तानी सिफारिस वडा नं.१६ बाट	७५०००
२१२६/२०८२।२।१९	एकल महिलालाई भ्रमण खर्च भुक्तानी	अवलोकन भ्रमण/ वडानं. ९ को सिफारिस बमोजिम	६००००
		जम्मा	**१३५०००**

अनियमित भएको	१,३५,०००

५८ **तिनाउ जलाधार संरक्षण क्षेत्र**

सामुदायिक वन समन्वय समिति तिनाउ गाउँपालिका पाल्पा र बुटवल उप महानगरपालिकाबीच संयुक्त सयोजनमा तिनाउ जलाधार संरक्षण कार्यक्रम अन्तर्गत तिनाउ नदीको आसपासमा रहेका गरिब तथा विपन्न वर्गका उपभोक्ताहरुको आर्थिक स्तर वढाउन तिनाउ जलाधार संरक्षण र सम्वर्धन गर्न वातावरण स्वच्छ र सफा राख्नका लागि तिनाउ गाउँपालिकालाई रु.१५०००००।- अनुदान निकासा दिएकोमा उक्त अनुदान रकम उक्त पालिकाले आफ्नो सञ्चित कोषमा आम्दानी बाधि खर्च गरेको छ।

५९ **खरिद इकाइको बैठक भत्ता** (६५६/२०८१।९।२-):

नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी कार्यसञ्चालन निर्देशिका, २०८१ को परिच्छेद ७ को दफा ४५ ले बैठक भत्ता प्रदान गर्दा बैठकको आवश्यकता, औचित्यता र उपयुक्तता लगायतका विषयवस्तु स्पष्ट भएको हुनु पर्ने, बैठक कार्यालय समय अघि वा पछि सम्पन्न भएको हुनु पर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने, कानून बमोजिम गठन भएका समिति तथा बोर्डहरूको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने लगाएतको आधार तथा मापदण्डहरु तोकिदिएको छ। पालिकाले यस वर्ष विभिन्न मितिमा खरिद इकाईको बैठक बसी खरिद सम्बन्धी निर्णय गरेको भनि देहाय अनुसार बैठक भत्ता प्रदान गरेको छ। पालिकाले दैनिक प्रशासनिक कार्य सम्पादन तथा पालिका र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बैठक बसेको तथा कानून बमोजिम गठन भएको समिति बाहेकको खरिद इकाईको बैठक भत्ता प्रदान गरेको पाइएकोले खरिद ईकाइले बैंठक भत्ता पाउने प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.

क्र. सं.	कर्मचारीकोनाम	पद	दर	करकट्टी	खुदरकम	वैठकसंख्या	वुझि लिएको रकम
१	टंकनाथ आचार्य	सहायक स्तर पाँचौ	१०००	१५०	८५०	२७	२२९५०
२	अशोक पाण्डेय	अधिकृ स्तर छैठौ	१०००	१५०	८५०	२५	२१२५०
३	टिकाराम पन्थी	उप निर्देशक	१०००	१५०	८५०	२	१७००
४	रोशन कुमार रेग्मी	उपनिर्देशक	१०००	१५०	८५०	१	८५०
५	गिरिजाप्रसाद पन्थी	सहायक स्तर पाँचौ	१०००	१५०	८५०	६	५१००
६	एकनारायण खनाल	अधिकृत स्तर छैठौ	१०००	१५०	८५०	१२	१०२००
७	कृष्ण प्रसाद आचार्य	विषय विज्ञ	१०००	१५०	८५०	१	८५०
८	विनोद शर्मा	विषय विज्ञ	१०००	१५०	८५०	१	८५०
जम्मा							५३५५०

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **२२,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **२३,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **२३,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **१०,२००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **११,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **१०,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	५३,५५०

६० **फरक खर्च शीर्षकमा एकमुष्ठ बजेट विनियोजन/खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा गाउँपालिका तथा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नु पर्नेछ भनि उल्लेख गरिएको छ। त्यस्तै महालेख नियन्त्रक कार्यालयले प्रकाशन गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को बुँदा नं. २.२ मा तीनै तहका सरकारले चालु प्रकृतिको लागि गर्ने खर्चको खर्च संकेत तोकिएको छ। यस खर्च मापदण्डको खर्च संकेत नम्वर २२७११ मा विविध खर्च शीर्षकमा विनियोजन गर्न सकिने खर्चको व्याख्या गरिएको छ। पालिकाले यस वर्ष विविध खर्च शीर्षकमा चालु भैपरिको लागि बजेट रु.५५ लाख विनियोजन गरी रु.५४ लाख ९९ हजार ८५५ रुपैया खर्च गरेको छ। त्यस्तै पालिकाले बजेट विनियोजन गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्थाको पालना नगरेको तथा उक्त रकमबाट भैपरीजन्य कार्य भन्दा नगरप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा कार्यपालिकाको निर्णयको आधारमा कर्मचारी प्रोत्साहन, अनुगमन भत्ता, स्टेशनरी सामाग्री खरिद, विभिन्न संस्थालाई सहयोग, परामर्श खर्च भुक्तानी लगायत वितरणमुखी एवं प्रचारमुखी कार्यक्रममा बजेट खर्च गरेको पाइएकोले यसरी फरक शीर्षकमा एकमुष्ठ बजेट विनियोजन गरी वितरणमुखी एवं प्रचारमुखी कार्यक्रममा भएको खर्च नियमित नदेखिएको रू.

अनियमित भएको	५४,९९,७५५

६१ **अनुदान सम्बन्धमा**

पालिकाबाट अनुदान उपलव्ध गराउदा सार्वजनिक उपयोगको सुनिश्चित हुने क्षेत्रमा मात्र अनुदान दिनुपर्दछ। त्यस्तै अनुदान रकमबाट समाजको कमजोर वर्गलाई फाइदा पुग्ने र सार्वजनिक हित बृद्धि गर्ने क्षेत्रमा अनुदान दिनुपर्नेमा विभिन्न संघ संस्थालाई वितरण गरेको देखिन्छ । अनुदान वितरण सम्बन्धमा प्रत्येक वर्ष विनियोजन ऐनमा व्यवस्था गरी वितरण गर्ने गरेपनि सो सम्बन्धमा कानून निर्माण गरेको छैन। निम्न संस्थालाई रु. ६९५०००० अनुदान दिएकोमा उक्त अनुदान सार्वजनिक उपयोगमा पहुँच सुनिश्चित नभएको सम्बन्धमा पालिकाबाट नियमित अनुगमन गरिनुपर्दछ।

क्र सं.	गो.भौ./ मिति	संस्था	रकम
१	९४३/२०८१।१०।४	श्री जनसंस्कृतिक नमुना भिम प्रा.वि.	२०००००
२		श्री नरैनापुर आधारभुत विद्यालय	१०००००
३		श्री मैनावगर आधारभुत विद्यालय	१०००००
४		श्री जनज्योती आधारभूत विद्यालय	२०००००
५		श्री दुर्गा भवानी प्रा.वि.	२०००००
६		श्री भवानी प्रा.वि.	५०००००
७		श्री मायादेवी जनजागृती आधारभुत विद्यालय	१०००००
८		सरस्वती मा वि	२५००००
९		श्री सहिद स्मृती आधारभूत विद्यालय	२०००००
१०		श्री सुर्योदय आधारभुत विद्यालय	२०००००
११		श्री साधना महिला विद्यालय	१००००००
१२	१९४/२०८१।६।१४	श्री नरैनापुर आधारभुत विद्यालय	१०००००
१३		श्री मैनाबगर आधारभूत विद्यालय	१०००००
१४		श्री अमर माध्यमिक विद्यालय	३०००००
१५		श्री भवानी मा वि	२०००००
१६		श्री मायादेवी जनजागृती आधारभुत विद्यालय	१०००००
१७	४५७/२०८१।७।२९	श्री सरस्वती मा वि	२५००००
१८	२१११/२०८२।२।१८	श्री सन्तोषी माता गुरुकुल	१००००००
१९	२४२३/२०८२।३।९	श्री सहिद स्मृति प्रतिष्ठान	३०००००
२०	२२३५/२०८२।२।२८	नेपाल नियमित रक्तदाता संघ	३०००००
२१	१७४०/२०८२।१।१६	जिल्ला सहकारी संघलाई सहकारी दिवस मनाउन	३०००००
२२	२५५८/२०८२।३।१४	जन गर्जन मिडिया प्रा ली भुक्तानी	१५००००
२३	२८८०/२०८२।३।२४	कानूनी सचेतना कार्यक्रम (DLA नेपाल)	५०००००
२४	२१४८/२०८२।२।२१	नेपाल सामुदायिक योग तथा प्राकृतिक चिकित्सा केन्द्र	३०००००

जम्मा			**६९५००००**

६२ कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। साथै, नेपाल सरकार सचिव स्तरको २०८०।९।१७ को निर्णय अनुसार अनिवार्य रुपमा यस्तो कोषको स्थापना गर्ने र कानुन वमोजिम पाउने उपदान, निवृत्तिभरण, औषधिउपचार लगायतका सम्पूर्ण सुविधा यसै कोषवाट खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकामा स्थानीय सेवाका कर्मचारीहरु कार्यरत भएका र उक्त कर्मचारीहरुको लागि यस वर्ष तलव भत्ता खर्च लेखे पनि दश प्रतिशतले हुन आउने कट्टा गरी सोही बमोजिम पालिकाले समेत अवकाश कोषमा रकम जम्मा गर्नुपर्नेमा गरेको छैन। स्थानीय सेवा सम्वन्धी कानुन हालसम्म नबनेकोमा पालिकाले उक्त कोषको सञ्चालन सम्बन्धी कुनै ऐन कानुनको व्यवस्था गरेको देखिएन। यसरी कानूनको व्यवस्था नगरी पालिकाको समानीकरण अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरी रु.७ करोड खर्च गरेको छ। अवकाश हुदाँ पाउने रकम योगदानमा आधारित बनाउने तर्फ कानुनी ब्यवस्था गरी कार्यान्वियन गर्नुपर्दछ।

६३ पशु वधशाला संचालन तथा व्यवस्थापन

६३.१ बुटवल उपमहानगरपालिका र मुक्तिनाथ लाईफस्टक बैंक लिमिटेड वीच बुटवल औद्योगिक क्षेत्रमा निर्माण भएको पशु वधशाला संचालन र व्यवस्थापन गर्नका लागि ५ वर्ष (२०८० आश्विन २५ देखि २०८५ आश्विन) का लागि बोलपत्रदाताले कवोल गरेको मुल्यअभिवृद्धि कर सहितको ठेक्का अंकमा तेश्रो वर्ष देखि १० प्रतिशतका दरले वृद्धि हुनेगरी मिति २०८०।५।३१ मा सम्झौता गरेको सम्वन्धमा तालिका यस प्रकार रहेको छः

वर्ष	प्रथम किस्ता	दोश्रो किस्ता	जम्मा
प्रथम	२०८०।६।२५	२०८०।१२।२५	५८३८७१०
दोश्रो	२०८१।६।२५	२०८१।१२।२५	५८३८७१०
तेश्रो	२०८२।६।२५	२०८२।१२।२५	६४२२५८१
चौथो	२०८३।६।२५	२०८३।१२।२५	७०६४८३९
पाँचौ	२०८४।६।२५	२०८४।१२।२५	७७७१३२३

(क) सम्झौता वमोजिम प्रथम वर्षको दोश्रो किस्ताको रकम र दोश्रो वर्षको दुवै किस्ता रकम तोकिएको समयमा दाखिला नगरेकोले निजले सम्झौताका अवधिमा राखेको NIMB वैंकको मिति २०८२।२।१५ गते सम्म म्याद भएको बैंक जमानत रु ८७५८०६५।जफत गरी स्थानीय संचित कोषमा दाखिला गरेको छ। बैंक ग्यारेन्टी राख्दा मु.अ. कर समेतको वैंक जमानत राखेको देखिएकोले पालिकाले बैंक ग्यारेन्टी जमानत जफत गर्दा सोको मूल्य अभिवृद्धि कर संङ्घीय संचित कोषमा पठाउनु पर्नेमा दोश्रो वर्षको किस्ता वापतको रु ५८३८७१०। को मूल्य अभिवृद्धि कर रु ६७१७१०। र सोमा लाग्ने व्याज र जरिवाना सम्बन्धमा पालिकाले एकिन हिसाब गरी संङ्घीय सञ्चित कोषमा पठाउनु पर्ने रु.

प्रमाण पेश नगरेको	६,७१,७१०

६३.२

निजसँग सम्झौता गर्दा निजले तोकिएको समयमा रकम नवुझाएमा त्यसमा लाग्ने ब्याज/जरीवाना सम्बन्धमा केही उल्लेख नगरी सम्झौता गरी कार्यादेश दिएको छ।

६४ **पाडी प्रवर्धन कार्यक्रम सम्बन्धमा**

६४.१ दुग्ध उत्पादन वृद्धि गर्न किसानहरुलाई पाडी वितरण कार्यक्रम मार्फत ग्रामीण क्षेत्रका न्यून आय भएका समुदाय, व्यवसायिक फर्म र पाडी पालक इच्छुक कृषक वर्गहरुलाई आर्थिक क्षमता वृद्धि गरी जीवनस्तर सुधार गर्न लागत सहभागितामा पालिकाबाट प्रकाशित दुध किसानका लागि पाडी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि २०८० सि.नं ५ मा बुटवल उप महानगरपालिकाको स्थायी वसोवास भएको हुनुपर्ने, भैसी पालन नगरेका वा वढीमा २ वटा भैसी पालक कृषक हुनुपर्ने र कार्यक्रमको दिगोपनाको लागि कम्तीमा ५ वर्ष व्यवसाय सञ्चालन गर्नपर्ने आधार तोकी प्रति पाडी अधिकतम रु २००००।(५० प्रतिशत) उपलव्ध गराइने गरी यस वर्ष १५६ जनासँग सम्झौता गरी प्रति पाडी २००००। हजारका दरले रु ३१२००००। र वीमा खर्च वापत रु ६००। का दरले रु ९३६००। गरी रु.३२१३६०० खर्च लेखेको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छनः

(क) सोही निर्देशिकाको सि नं ७ को भुक्तानी प्रक्रियामा आवश्यक काम सम्पन्न भएपछि अनुदानग्राहीहरुले कार्य सम्पन्न गरी सो संग सम्वन्धित वील भरपाई फोटो र वडा कार्यालयको कार्य सम्पन्न सिफारिस साथ पेश गर्नपर्ने व्यवस्था भएता पनि एकमुष्ट अनुदान प्राप्त गर्न अनुदानग्राहीको नाममा बैंक खातामा एकमुष्ट रकम ट्रान्सफर गरेतापनि फोटो सहितको प्रमाण पेश नभएको रु.

प्रमाण पेश नगरेको	३२,१३,६००

६४.२ (ख)सोही कार्यविधिको सि नं ४ मा पाडीको गुणस्तर एवं मापदण्डमा व्यायको (सुत्केरी भएको) ३ महिना सम्म दैनिक ८ लिटर दुध दिने मुर्रा क्रस भैसीवाट जन्मेको कम्तीमा १.५ देखि २.५ वर्षको हुनुपर्ने, शारिरिक तौल १५० के.जी सम्मको हुनुपर्ने र खरिद गर्दा निरोगिता तथा प्रजनन् योग्य भएको भनी सम्बन्धित स्थानीय तहका पशुपंछी विकास शाखाका विज्ञवाट प्रमाणित हुनुपर्ने व्यवस्था भएता पनि सो अनुसार भएको पाइएन।

६५ **कृषी पशु अनुदानः**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट यस आ.व. पालिकामा लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार ७४३ कृषक/कृषक संघ/संस्थालाई रु.३२,९४,००० खर्च भएको छ।

क्र.सं.	अनुदानकोकिसिम	व्यक्तीसंख्या	रकम
१	उत्पादनमा आधारित अनुदानकार्यक्रम	४६ (२ संस्था मार्फत)	२४४०००
२	मागमा आधारित नविनतम प्रबिधि प्रोत्साहन अनुदान कार्यक्रम	२९ (१३ कृषक/ संस्था)	६४८०००
३	मोतिगंजमकै पकेट क्षेत्रमासहभागी कृषकहरुलाइ क्षमता अभिवृद्धितथा सामाग्री सहित बालि संरक्षणसेवा कार्यक्रम	४१ (१ संस्था मार्फत)	७०००००
४	५०% अनुदानमा उन्नत गहु बिउ बितरण कार्यक्रम	४४६ (१३ संस्था मार्फत)	१०४६०००
५	कृषि योग्य भुमि व्यवस्थापन प्रोत्साहन अनुदान	१८१ (६ संस्था मार्फत)	६५६०००
	जम्मा	**७४३ (३५ कृषक/ संस्था)**	**३२९४०००**

यसरी अनुदान दिएकोमा त्यसबाट परेको प्रभाव सम्बन्धमा अध्ययन विश्लेषण गरेको पाइएन। यस्ता अनुदानको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनीकरण गर्नु गराउनु पर्दछ।

६६ **सामाजिक सुरक्षा भत्ता**

यस वर्ष पालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाय बमोजिम रहेको छः

क्रस	पालिकाको जनसंख्या (२०७८सालको जनगणना अनुसार)	लाभग्राही संख्या	लाभग्राही प्रतिशत	सामाजिक सुरक्षारकमरु.
१	१९४३३५	११७९८	६.०९	११८३७८३०६

पालिकाले यस वर्ष ११७९८ जना लाभग्राहिलाई रु.११८३७८३०६ सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ। पालिकामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जनसङ्ख्या २०७८ को जनगणना अनुसार जनसङ्ख्याको तुलनामा ६.०९ प्रतिशत हो।

लाभग्राहीको अभिलेख :

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख सामाजिक सुरक्षा नियमावली, २०७६ को अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अभिलेख अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ। सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन। साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वियनमा ल्याएको छ। उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले सबै लाभग्राहीको विवरण प्रविष्टि गरी फोटो सहितको पुरा विवरण अभिलेख राखी अद्यावधिक गरी राख्नु पर्दछ ।

निस्कृय खाताः

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा नं. २६ को उपदफा ३ अनुसार एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित लाभग्राहीलाई वा सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष १९ वटै वडाको सबै त्रैमासिकको भत्ता EFT मार्फत वितरण गरेकोमा कार्यविधि अनुसार बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा लाभग्राहीको विवरण प्राप्त गरेको छैन।

कार्यविधिका आधारमा लाभग्राहीको विवरण पेश हुनुपर्दछ।

भत्ता वितरणको अनुगमनः

सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने, प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने, कार्यपालिकाको प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उक्त कार्य गरेको देखिएन। तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

६७ शिक्षा तर्फ

६७.१ पालिकाले तयार पारेको शैक्षिक सत्र २०८१ को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् :

क्र.सं.	विद्यालयकोकिसिम	विद्यालयसंख्या	विधार्थीसंख्या (कक्षा १ देखि १२ सम्म)
१	सामुदायिकविद्यालय (धार्मिक बाहेक)	३४	२७१७३
२	संस्थागतविद्यालय	५८	४१५८९
	जम्मा	**९२**	**६८७६२**

उपरोक्त विवरण अनुसार पालिकामा रहेका विद्यालयहरुमा ६८७६२ विद्यार्थीहरु अध्ययनरत रहेकोमा सामुदायिक विद्यालयहरुमा कुल विद्यार्थीको ३९.५२ प्रतिशत र संस्थागत विद्यालयमा कुल विद्यार्थीको ६०.४८ प्रतिशत विधार्थी अध्यनरत रहेको पाइयो।

६७.२ आर्थिक वर्ष २०८१।८२ मा पालिका भित्रका ३४ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाए बमोजिम रहेको छ :

विद्यालयको किसिम	दरबन्दी संख्या	स्थायी पदपूर्ती	पदपूर्ती मध्ये राहत/करार	रिक्त दरवन्दी
सामुदायिक	३९७	३१७	८०	-

उक्त विवरण अनुसार पालिकामा जम्मा ३९७ दरबन्दी रहेकोमा ३१७ जना स्थायी पदपूर्ती र ८० जना राहत/करारमा कार्यरत रहेको विवरण प्राप्त भएको छ।

६७.३ विद्यालय क्षेत्र सुधार योजना अनुसार शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ :

सि.नं.	विद्यालयको नाम	शिक्षक दरवन्दी	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
१	अमर मा.वि.	१२	१३९	१:१२
२	उजिरसिंह मा.वि.	१८	७१८	१:४०
३	कान्ति मा.वि	२४	५३४१	१:२२३
४	कालिका मानवज्ञान मा.वि	५४	७४६७	१:१३८
५	जनज्योति प्रा.वि	३	२०	१:७
६	जनता मा.वि	१३	१६६	१:१३
७	जनशक्ति नमूना प्रावि	२	१६९	१:८५
८	जितेश्वरी मा.वि	७	३०३	१:४३
९	ज्ञानोदय मा.वि	१६	७४६	१:४७
१०	ज्ञानोदय रात्री मा.वि	९	७४	१:८
११	तिलोतमा मा.वि	११	३५९	१:३३
१२	नयागाउँ मा.वि.	१९	१२८२	१:६७
१३	नरैनापुर आ.वि.	७	१४८	१:२१
१४	नवरत्न मा.वि.	३१	१२०२	१:३९
१५	नविन औद्योगीक क.ब.री. मा.वि	३४	४०३४	१:११९
१६	नहरपुर मा.वि	१८	१०१७	१:५७
१७	प्रगती नि.मा.वि	८	४२५	१:५३
१८	भवानी मा.वि	६	१४५	१:२४
१९	मायादेवी जनजागृति सा. प्रा.वि.	१	७६	१:७६
२०	मैनावगर प्रा.वि.	१	१०८	१:१०८
२१	मोतिपुर मा.वि	१८	५९०	१:३३
२२	लक्ष्मी मा.वि	९	२०३	१:२३
२३	वुटवल बाल मन्दिर प्रा.वि	१	८	१:८
२४	वुटवल मा.वि.	१८	३०१	१:१७
२५	वेलभरिया आ.वि.	७	२१३	१:३०

सि.नं.	विद्यालयको नाम	शिक्षक दरवन्दी	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
२६	सरस्वती आ.वि.	८	२०४	१:२६
२७	सरस्वती प्रा।वि	२	३७	१:१९
२८	सरस्वती मा.वि.	८	३०८	१:३९
२९	सहिद स्मृति प्रा.वि.	५	१६९	१:३४
३०	साधना महिला मा.वि.	१	२४९	१:२४९
३१	सिद्धेश्वर लाल कुमारी मा.वि	२०	६८८	१:३४
३२	सुस्तमनस्थिति बाल विद्यामन्दिर प्रा.वि.	१	८१	१:८१
३३	सूर्योदय प्रा वि.	२	१२६	१:६३
३४	दुर्गा भवानी प्रा.वि.	३	५७	१:१९
	जम्मा	**३९७**	**२७१७३**	**१:६८**

पालिकाका ३४ वटा विद्यालयहरूमा ३९७ जना शिक्षक र २७१७३ जना विद्यार्थी रहेकोमा औषत शिक्षक विद्यार्थी अनुपात १:६८ रहेको छ। श्री शान्ति बगैचा आ.वि.को साधना महिला मा.वि.को अनुपात १:२४९ रहेको छ भने वुटवल बाल मन्दिर प्रा.वि.को शिक्षक विद्यार्थी अनुपात १:८ रहेको छ। कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्दछ।

६७.४ पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१/८२ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ :

बजेटविवरण	बजेटरकम	खर्च रकम	विद्यार्थी संख्या	प्रतिविद्यार्थी लागत
शिक्षा क्षेत्रको कुल बजेट	४४२४९१०००	३४५३४५०००	२७१७३	१२७०९.१२

उपरोक्त विवरण अनुसार पालिकाको वाल विकास देखि कक्षा १२ सम्मको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.१२७०९.१२ रहेको छ।

६७.५ पालिका अन्तर्गत रहेका ३४ सामुदायिक विद्यालयहरुको २०८१ सालको एस.ई.ई. परीक्षामा जम्मा २३०० विधार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक विद्यालयको अवस्था देहाय बमोजिम रहेको छ।

क्र.स.	जिपिए	जम्मा विद्यार्थी संख्या	संख्या	उत्तिर्णप्रतिशत सामुदायिक
१	३.६ देखि ४ सम्म	२३००	४७८	
२	३.२ देखि ३.६ सम्म		६५३	
३	२.८ देखि ३.२ सम्म		५१६	
४	२.४ देखि २.८ सम्म		२३८	८२.८२
५	२.० देखि २.४ सम्म		१९	
६	१.६ देखि २.० सम्म		-	
७	N.G.		३९६	

उल्लेखित तालिका अनुसार ३.६१-४.०० जि.पि.ए ४७८ जना, ३.२१-३.६० जि.पि.ए.ल्याउने ६५३ जना, २.८१- ३.२ जि.पि.ए. ल्याउने ५१६ जना, २.४१-२.८ जि.पि.ए. ल्याउने २३९ जना तथा २.००-२.४ जि.पि.ए. ल्याउने १९ जना गरी १९०४ जना अर्थात ८२.२८ प्रतिशत विद्यार्थी मात्र सामुदायिक विद्यालयबाट उत्तीर्ण भएकोमा ३९६ जना अर्थात १७.७२ प्रतिशत विद्यार्थीले N.G. ल्याएको देखिन्छ। जस अनुसार उच्च जि.पि.ए. ल्याउने विद्यार्थी सामुदायिक विद्यालयमा न्यून देखिएकाले सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.१२७०९.१२ रहेकोमा उत्तीर्ण प्रतिशत न्यून रहेकोले शैक्षिक गुणस्तरमा थप सुधार गर्नुपर्ने देखिन्छ।

६७.६ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५४ मा सार्वजनिक निकायले बोलपत्र सम्बन्धी कागजात वा प्रस्ताव आह्वान सम्बन्धी कागजातमा बोलपत्रको मान्य अवधि १० करोड रूपैयाँ सम्मको लागत अनुमान भएको बोलपत्रको मान्य अविध ९० दिन हुने व्यवस्था रहेको छ। पालिकाले सेनेटरी प्याड खरिद गर्नका लागि ठे.नं. ४।२०८०।८१ ठेक्का आह्वान गरिएकोमा सो आर्थिक वर्षमा ठेक्का सम्झौता हुन नसकेकोले सोही सूचनालाई आधार मानि पालिकाले ए.पी. हेल्थ इन्ट्रष्टिजबाट मिति २०८१।७।६ मा सम्झौता गरी सम्झौता अनुसार प्रति प्याड रू.२३.८५ दरले ले २२३२८० प्याकेटको रू.६०१७५०७।६४ भुक्तानी दिएकोमा मान्य अविधभन्दा बढी समय लगाई खरिद गरेको अनियमित देखिएको रू.

अनियमित भएको	६०,१७,५०७

६७.७ शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८१।८२ को २.३.७. क्रियाकलाप नं. २.७.११.१ मा दिवा खाजा व्यवस्थापनको लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तह भित्रका विद्यालयहरूमा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयार र खाजा विधिको छनौंट गर्नुपर्ने, खाजा व्यवस्थापन गर्दा तोकिएको मापदण्ड बमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारी वा आमा समूह बनाएर वा नियमित चमेनागृहबाट वा क्याटरिङको व्यवस्था गरेर खाजा खुवाउने व्यवस्था मिलाउनु पर्ने साथै उक्त पुस्तिकाको अनुसूची-४ मा विद्यालयमा नै तोकिएको कक्षा सम्मका बालबालिकाहरूलाई दिवा खाजाको प्रबन्ध मिलाउनुपर्ने व्यवस्था छ। पालिकाले बालविकास देखि कक्षा ५ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी दिनको रु.१५ का दरले दिवा खाजा वापत औषत १४८.५५ दिनको ९५०० विद्यार्थीलाई १४११२३३ हाजिरी दिनको लागि तपशिल बमोजिम रु.२,११,६८,४९५ अनुदान उपलब्ध गराएको छ। पालिकाले ३३ विद्यालयहरुमा दिवा खाजा उपलब्ध गराएकोमा देखिएका व्यहोरा निम्न छन:

क्र.सं.	मिति	गोश्वारा भौचर नं.	दिवा खाजा रकम
१	०६/२२/२०८१	२४	६२४८११५.००
२	११/०१/२०८१	८७	५११९७८१५.००
३	०१/१६/२०८२	१४०	४०४२१४०.००
४	०३/१७/२०८२	२१२	५६८०४२५.००
		जम्मा	**२११६८४९५.००**

(क) स्थानीय तहले दोस्रो त्रैमासिक देखि विद्यालयमा बजेट निकासा गर्दा भौतिक रुपमा पुरा समय चलेको दिन खाजा उपलब्ध गराइएका विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको सङ्ख्यात्मक हाँजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा संकलन गरी सङ्ख्या एकीन भएपछि मात्र थप अनुदान दिने व्यवस्था मिलाउनु पर्ने, यसरी प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समय भन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिनु पर्नेमा केहि विद्यालयको नमुना परीक्षण गर्दा आंशिक रुपमा मात्र प्रधानाध्यापकले प्रमाणित गरेको पाइयो भने अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिइएको रकमको नियमित अनुगमन गरिनु पर्दछ।

(ख) विद्यालयबाट संचालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गरी दिवा खाजाको मापदण्ड अनुसार गुणस्तर व्यवस्थापनका नमूना अनुसूची-४ बमोजिम कार्यान्वयन गर्नुपर्नेमा स्थानीय निकायले अनुगमन गरेको पाइएन।

६८ **आन्तरिक राजस्व : यस सम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसार छन् :**

• कार्यालयले मुल संचित कोषको बैंक नगदी किताव तयार गरेको भएता पनि आन्तरिक आयको आम्दानी वाँधेकोमा रकम बैंक दाखिला भए नभएको एकीन नगरी सोझै जति राजस्वको सफ्टवयरले देखाउँछ उति नै दाखिला गरेको मानि आम्दानी बाँधेको छ भने मासिक तथा वार्षिक रुपमा राजस्व खाता र संचित कोष खाताको सम्बन्धमा बैंक हिसाब मिलान गरेको छैन।

• आय ठेक्का अभिलेख नै नरहेको को कारण ठेक्का सम्बन्धी बाँकी बक्यौता असुली व्याज जरिवाना यकीन गर्न तथा फाईल परीक्षणमा समस्या परेको - राजश्व मलेप फा.नं. १०१ देखि ११५ सम्मको अभिलेख नराखेकोले राजश्व आम्दानी, राजस्व छुट सहुलियत, राजश्व बक्यौता, बैक दाखिला, सञ्चित कोष दाखिला बारे यकीन हुन सकिएन।

• वडाको आम्दानी सम्बन्धमा पालिकाले देखाएको आम्दानीलाई मात्र आधार मानि लेखापरीक्षण सम्पन्न गरिएको छ।

• पालिका भित्रका स्थायी लेखा नं. लिएका करदाता, बहालकर बुझाउनुपर्ने करदाताको विवरण माग तथा वहाल कर नवुझाई कर चुक्ता दिन नहुने व्यवस्थाका लागि आन्तरिक राजस्व कार्यालयसँग सहकार्य गरेको छैन।

६९ **राजस्व संकलन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५६, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। पालिकाद्वारा उपलब्ध विवरण अनुसार यस वर्ष रु.१ अर्व १५ करोड आन्तरिक आयको अनुमान गरिएकोमा तपसिलका शीर्षकमा रु.८३ करोड १७ लाख २९ हजार ६३० रुपैँया ४३ पैसा आन्तरिक राजस्व सङ्कलन भएको छ।

क्र.सं.	आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
१	११३१३ सम्पत्ती कर	११९०००००००	७४३९६०४०.६२	६२.५२
२	११३१४ भुमिकर/मालपोत	५०००००००	२९१७०४८६.००	५८.३४
३	११३१७ वहाल कर	२२५०००००००	१६०१०३९२६.७४	७१.१६
४	११४५१ सवारी साधन कर (साना सवारी)	४००००००	४०३६६००.००	१००.९२
५	११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	१००००००००	०.००	०.००
६	११४७९ अन्य मनोरञ्जन कर	१३०००००	०.००	०.००
७	११६९१ अन्य कर	३०००००	१६७४५७.००	५५.८२
८	१४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	१४०००००००	७८८१५७३४.४०	५६.३०
९	१४१९१ पर्यटन शुल्क	१००००००	०.००	०.००
१०	१४२१८ विद्युत सेवा शुल्क	१३०००००	२४४८८७९.०१	१८८.३८
११	१४२१९ अन्य सेवा शुल्क तथा बिक्री	६०००००००	१३१७९६५५.५७	२१.९७
१२	१४२२१ न्यायिक दस्तुर	१०००००	१८९८८.००	१८.९८
१३	१४२२३ शिक्षा क्षेत्रको आम्दानी	७००००००	१०७४८०००.४८	१५३.५४
१४	१४२२४ परीक्षा शुल्क	५०००००	१३०६०३.००	२६.१२
१५	१४२२९ अन्य प्रशासनिक सेवा शुल्क	३००००००	५६२४६४५.००	१८७.४९
१६	१४२४१ पार्किङ्ग शुल्क	१०००००००	१३३९९३४४.००	१३३.९९
१७	१४२४२ नक्सापास दस्तुर	५५००००००	६२६९०९४१.८३	११३.९८
१८	१४२४३ सिफारिश दस्तुर	१४००००००	१८७९४२५२.१३	१३४.२४
१९	१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर	१००००००	५९९१२०.००	५९.९१
२०	१४२४५ नाता प्रमाणित दस्तुर	३००००००	४२१३२८०.५८	१४०.४४
२१	१४२४९ अन्य दस्तुर	५०००००	४९२२९९१.३३	९८४.६०
२२	१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर	५०००००	७०३५०.००	१४.०७
२३	१४२५४ रेडियो/ एफ.एम.सञ्चालन दस्तुर	२०००००	०.००	०.००
२४	१४२६५ अन्य क्षेत्रको आय	१००००००	०.००	०.००
२५	१४३११ न्यायिक दण्ड जरिवाना र जफत	३०००००	५३३२२.८९	१७.७७

२६	१४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत	३००००००	१०८२०२३२.७०	३६०.६७
२७	१४३१३ धरौटी सदर स्याहा	५०००००	०.००	०.००
२८	१४५२१ प्रदुषण नियन्त्रण शुल्क	५०००००	८०४८१.००	१६.१०
२९	१४५२९ अन्य राजस्व	२००००००	२०९२२६.००	१०.४६
३०	१४६११ व्यवसाय कर	४५००००००	६२८२७५३५.००	१३९.६२
३१	१५१११ बेरूजु	१००००००	५११८५५.७१	५१.१९
आन्तरिक आय जम्मा		**८५००००००० **	**५५८०३३९४८.९९**	**६५.६५**
३२	१४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय	७६९४०६०००	८३४३५१६७.६१	१०.८४
३३	११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर	२९१३०१४	५७०५६७९.००	१९५.८७
३४	१४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी	३९८८४१	१०४२३९७.७९	२६१.३६
जम्मा		**७७२७१७८५५**	**९०१८३२४४.४०**	**११.६८**
कुल जम्मा		**१६२२७१७८५५**	**६४८२१७१९३.३९**	**३९.९५**

७० **फोहोरमैला व्यवस्थापन सम्बन्धमा**

सार्वजनिक नीजि साझेदारी अवधारणा अनुसार फोहोर व्यवस्थापन कार्य गर्न बुटवल उपमहानगरपालिका र वातावरणीय सुन्दर नेपाल प्रा.लि.बीच मिति २०७३।८।१६ मा सम्झौता भई ५ वर्ष सम्म रहेको र कार्यपालिकाको मिति २०७८।५।२८ मा बसेको निर्णय नं.९८.८ मा उक्त प्रा.लि सँग भएको सम्झौता मिति २०७८।८।१५ देखि करार सम्झौता सकिएको र सोही प्रा.लि.लाई पुनः ५ वर्ष म्याद थप गर्नेगरी निर्णय भए बमोजिम २०८३।८।१५ सम्म कार्यपालिकाले निर्णय गरी म्याद थप गरेको र फोहोर मैला सेवा शुल्क वापत प्रत्येक घर धुरीवाट पालिकाले तोकिदिएको दररेटमा मु.अ.कर समेत पेश गरी उक्त प्रा.लि.लाई कार्यादेश दिएकोमा सम्झौताको सि.नं ७.२ सेवाग्राहि उपभोक्तावाट संकलित सेवा शुल्क (मु.अ.कर वाहेक) कूल रकम मध्ये २१ प्रतिशत बुटवल उप महानगरपालिकाको सञ्चित कोषमा दाखिला हुने र २१ प्रतिशत दाखिला रकम मध्ये वडा कार्यालयमा उठेको संकलित रकमबाट हुन आउने रकमको ५.५ प्रतिशत सम्बन्धित वडामा दिने गरी यस वर्ष कूल फोहोर मैलावाट उठेको सेवा शुल्क रकम रु.९००२३५८.४१ र सो को मू.अ.कर रू.११७०३०६.५९ उठेको रकमको मु.अ. कर रकम संङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	११,७०,३०६.५९

७१ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

अनुदानबाट भएको खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
८२६४२००५५.८६	५५८०३३९४८.९९	६७.५२

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ६७.५२ प्रतिशत मात्र रहेको छ।

७२ **करको दायरा**

पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस वर्ष सम्पत्ति र व्यवसाय कर तिर्ने करदाताको विवरण देहायनुसार रहेको छ :

करको नाम	जम्मा करदाता	कर तिर्ने करदाता	कर तिर्ने करदाताको प्रतिशत	करको दायरामा नआएका करदाता	कर नतिर्ने करदाताको प्रतिशत
सम्पत्ति कर	६९२६८	३०४९७	४४	३८७७१	५६
व्यवसाय कर	२५५४६	८४७३	३३	१५९२०	३४

करको दायरामा नआएका करदातालाई करको दायरामा ल्याउनु पर्दछ ।

७३ **टिकट आम्दानी सम्बन्धमाः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६७ मा आयको प्रक्षेपण र वितरणको खाका र बजेट सीमामा रही स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रमको आधारमा बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले पर्यटन प्रवर्द्धनका लागि नीजि क्षेत्रसँगको सहभागितामा पालिकाले बुटवल उद्योग वाणिज्य संघसँग मिति २०८१।९।१ देखि २०८१।१०।३० सम्म औद्योगिक मेला संचालन गर्न रु २०,००,०००। सम्झौता गरी भौ.नं २४२२ मिति २०८२।३।९ मा बुटवल उद्योग वाणिज्य संघ लाई भुक्तानी दिएको छ। यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छः

(क) लुम्विनी प्रदेश आर्थिक ऐन,२०८१ को दफा ४ मा सांस्कृतिक प्रदर्शन हल, थियटर, फनपार्क जस्ता प्रवेश शुल्कको टिकटमा ५ प्रतिशतका दरले कर लाग्ने व्यवस्था रहेको छ । बुटवल उद्योग वाणिज्य संघले पेश गरेको विवरण अनुसार गेट टिकट आम्दानीवाट रु १,२२,९३,३४२। आम्दानी देखाई सोको ५ प्रतिशतले हुने रकम रु ६,१४,६६७।१० पालिकाको आम्दानी हुनुपर्नेमा पालिकामा निजले रु ६,०४,२७९। मात्र दाखिला गरेको देखिएकोले बाँकी रु.१०३८८.१० असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१०,३८८

७४ **नगर विकास कोष सम्बन्धमा**

पालिकाले नगर विकास कोषसंग सम्झौता गरी विभिन्न ६ वटा आयोजनाहरुको लागि देहाय बमोजिम ऋण लगानी तथा साँवा ब्याज भुक्तानीका सम्बन्धमा पालिकाले आफै अभिलेख राखेको छैन। यस वर्ष नगर विकास कोषलाई ऋण लगानी तथा साँवा फिर्ता रु ६९१७१९२।४७ र ब्याज रु ७४५३७८१।२० गरी रु १४३७०९७३।६७ साँवा ब्याज भुक्तानी गरेको छ । नगर विकास कोषले दिएको विवरण अनुसार आ व २०८१।८२ सम्म पालिकाको कूल बाँकी ऋण रु ८७७३३९७०.४४ रहेको छ।

क्र.सं.	आयोजनाको नाम	व्याज दर प्रतिशतमा	२०८१।८२ सम्म कुल बाँकि ऋण
१	उजिरसिंह स्कुल भवन निर्माण	९.५०	५७४१०६८.११
२	सप/स्टल रेष्टुरेन्ट	९.५०	२००७०६७५.७१
३	खानेपानी आपूर्ति	५.००	१३४०८७३५.५४
४	उजिरसिँह मा वि स्कुल निर्माण	८.००	१७६५११४.०७
५	उजिलसिंह स्थानीय उत्पादन बजार	८.००	२५२५७५२.४१
६	सपिङ्ग महल बढाउने	८.००	४४२२२६२४.६०
जम्मा			**८७७३३९७०.४४**

७५ **शीर्षक फरक पारी खर्च**

महालेख नियन्त्रक कार्यालयले प्रकाशन गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को बुँदा नं. २.२ मा तीनै तहका सरकारले चालु प्रकृतिको लागि गर्ने खर्चको खर्च संकेत तोकिएको छ। साथै, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा सरकारी रकम खर्च गर्दा स्वीकृत कार्यक्रम भित्र रहेको खर्च शीर्षकमा खर्च गर्न मिल्ने व्यवस्था छ। पालिकाले देहायका खर्च शीर्षक अनुसार खर्च नगरी अन्य खर्च शीर्षकमा रु.१२८८१०० खर्च गरेको छ। जुन शीर्षकमा खर्च गर्न तोकिएको हो सोही शीर्षकमा खर्च नगरी अन्य खर्च शीर्षकमा खर्च गरेको अनियमित देखिएको रु.

गो.भौ. नं/ मिति	खर्च हुनुपर्ने शीर्षक	खर्च भएको शिर्षक	रकम
२९५१/२०८२।३।२५	विज्ञापन सूचना प्रकाशन प्रशारण	मेयर युवा इलम कार्यक्रम	२७३०००
२९२२/२०८२।३।२४	विद्युतीय सामाग्री खरिद	मर्मत सम्भार खर्च	९७७००
२९२३/२०८२।३।२४	खेलकुद तथा अतिरिक्त क्रियाकलाप संचालन	मेयर युवा इलम कार्यक्रम	२,००,०००
२९२९/२०८१।३।२४	खेलकुद तथा अतिरिक्त क्रियाकलाप संचालन	मेयर युवा इलम कार्यक्रम	५५,०००
२८१०/२०८२।३।२३	विद्युतीय उपकरण खरिद	सुकुम्बासी अब्यवस्थित नगर भित्रको जग्गा पून:नापनक्सा लगायतको कार्यक्रम	९९,३२७
२४९४/२०८२।३।११	विविध खर्च/खाजा खाना	१८ वटा विभिन्न खर्च शीर्षक	५६३०७३
		जम्मा	**१२८८१००**

अनियमित भएको	१२,८८,१००

७६ अन्य निकायको खर्च भुक्तानी

७६.१ कोष तथा लेखा नियन्त्रक कार्यालय भवन निर्माण : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ३८ २क मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्मबन्धित खर्च शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको रकम अधिकार प्राप्त अधिकारीले खर्च गर्न निकासा दिनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले भौ नं १८९ मिति २०८२।३।११ मा कोष तथा लेखा नियन्त्रक कार्यालय रुपन्देहीको सभाहल निर्माण गर्न सिद्धार्थनगर नगरपालिकाको विविध खातामा रु.८०००००। निकासा दिएकोमा संङ्घीय सरकार अन्तर्गत रहेको कार्यालयको भवन निर्माण गर्न दिएको रकम अनियमित भएको रु.

अनियमित भएको	८,००,०००

७६.२ उच्च अदालत तुल्सीपुर बुटवल इजलासः २९२ -२०८१।१२।८ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ३८ २क मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्मबन्धित खर्च शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको रकम अधिकार प्राप्त अधिकारीले खर्च गर्न निकासा दिनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले छुट्टै अस्तित्व भएको संङ्घीय सरकारबाट निकास हुने उच्च अदालत तुल्सीपुर बुटवल इजलासको ग्राउण्ड मा टायल गर्ने कार्य गरी ॐ धनलक्ष्मी कन्ट्रक्सन लाई भुक्तानी दिएको अनियमित देखिएको रु.

अनियमित भएको	११,३६,१४८.५

७६.३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धी व्यवस्था रहेको छ। सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम सञ्चालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। उक्त व्यवस्थाको पालना बेगर पालिकाले छुट्टै बजेट र अस्तित्व भएको नयाँ गाउ प्रहरी चौकीको घर भाडा तथा पानी विजुली महसूल भुक्तानी भएको अनियमित देखिएको रु.

अनियमित भएको	४,४६,९१८

७७ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरूको बिकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरूलाई प्राथमिकीकरण गरी प्राथमिकताक्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ। कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को सि.नं. ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको बार्षिक योजना तर्जुमाका सबै चरण पुरा गरि आयोजना बैंक तयार गरी सोहि आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा पालिकाले योजना सञ्चालन गर्नुपर्ने हुन्छ। तर पालिकामा वडाबाट योजना माग गरी त्यसका आधारमा कार्यक्रम सञ्चालन गरेको पाइयो। यस कार्यक्रम अन्तर्गत पालिकाका १२ वडामा विभिन्न १४ कार्यक्रम सञ्चालन गरी ३८,०३,१७३ खर्च भएको छ। कार्यक्रम सञ्चालन गर्न रोजगार संयोजक तथा प्राविधिक सहायकको तलब भत्ता मा रु. ५६८०००। खर्च भएको छ।

क्र.सं.	वडा नं.	आयोजनाको नाम	रोजगार संलग्न संख्या	रोजगार दिन संख्या	दर रु.	कुलखर्च रकम
१	११	सिद्धार्थ राजमार्ग अन्तर्गत डीभाईडरमा सरसफाई कार्य	७	४९५	६६८	३३०६२६
२	११	सडकमा हरियाली प्रवर्धन तथा बृक्षारोपण कार्य, गोलपार्क देखि योगिकुटी सम्मको सडक डिभाइडर, उपमहानगरपालिका परिसर भित्र तथा सर्भिस लेन	७	६२६	६६८	४१८१२६
३	७	सरसफाई सहकारीवाट शिवनगर सामुदायीक वन भित्र अग्नि नियन्त्रण रेखा निर्माण तथा झाडी फाड्ने	४	१९७	६६८	१३१५८३
४	१०	योगिकुटी देखी गोलपार्क सम्म सडक डिभाइडर तथा सर्भिस लेन लगायत सडकमा हरियाली प्रर्वधन तथा सडक सुरक्षा	२०	१५००	६६८	१००१९००
५	१८	बेलबास-बेथरी सडक किनारका विरुवा गोडमेल, मलजल गर्ने	७	३३२	६६८	२२१७५४
६	१६	चप्पर खोनावा कपरकट्टी मिनिफेवा ताल परिसरमा सरसफाई तथा वृक्षारोपण	८	३७१	६६८	२४७८०२
७	१७	बुटवल वेथरी सडक अन्तर्गत सिमानामा पर्ने सबै झार, जंगल, नर्कट जरा, सहित खनी खोस्री उखेलेर फाल्ने	५	२०६	६६८	१३७५९३
८	१९	पत्थरगंज पश्चिम कुलो निर्माण	१३	३४६	६६८	२३११०४
९	७	गौशालामा रहेका छाडा चौपायाको व्यवस्थापन	३	३००	६६८	२००३८०
१०	६	वडा नं. ६ भित्र सरसफाई कार्यक्रम	४	१६०	६६८	१०६८६९
११	५	वडा नं ५ मा राधाकृष्ण टोलको पिपल बोट देखि छत्तिस कुलो सम्म सिढी निर्माण, सोभाग्य नगर देखि छत्तिस कुलो सम्म सिढी निर्माण र सरसफाइ	६	३००	६६८	२००३८०
१२	४	लक्ष्मी पार्क सरसफाई तथा व्यवस्थापन	३	९४	६६८	६२७८६
१३	३	वडा नं ३ भित्र विभिन्न सिभिल कार्य	६	३१३	६६८	२०९०६३
१४	२	वडा नं २ भरि सरसफाई, बाटो पि सि सि र चौपारी मर्मत	७	४४९	६६८	२९९९०१
जम्मा			**१००**	**५६८८**	**६६८**	**३८०३१७३**

पालिकामा सुचिकृत बेरोजगार संख्या ४२७ (महिला ३७९ र पुरुष ४८) रहेका छन। सो मध्ये १०० जनाले मात्र रोजगारी पाएकामा अधिकतम १०० दिन र न्युनतम १५ दिनसम्म रोजगारीमा संलग्न रहेको विवरण पालिकाबाट प्राप्त भएको छ। यस कार्यक्रमबाट औसतमा ५६.८८ दिन कुल रोजगारी सृजना भएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रममा श्रमिकहरुको ज्यालामा रु.३८०३१७३ खर्च भएकोमा सूचिकृत वेरोजगारहरु सवैले रोजगार पाउनेगरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

७८ **समपुरक अनुदान सम्बन्धमा**

लुम्बिनी प्रदेश समपुरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ को सि.नं ९ मा स्थानीय तहलाई समपुरक अनुदानबाट सन्चालित योजना तथा कार्यक्रमको समपुरक अनुदान दिने व्यवस्था छ । समपुरक अनुदान अन्तर्गत खर्चको ५०।५० प्रतिशत व्यहोर्ने गरी कार्यक्रम स्वीकृत भएकोमा निम्नानुसारको कार्यक्रममा ५० प्रतिशत पालिकाको खर्च नभई प्रदेश तर्फको बढी खर्च भएको देखिएकोले प्रदेश तर्फको बढी खर्च प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने रु.

योजना	जम्मा खर्च रकम	प्रदेश खर्च रकम	पालिका हुनुपर्ने खर्च	पालिकावाट भएको खर्च रकम	प्रदेश फिर्ता गर्नुपर्ने रकम
गलामी पथ नाली र फुटपाथ निर्माण	१४३३१४६५.४२	८४८५७३०	७१६५७३२.७१	५८४५७३३.४२	१३१९९९९.२९
				प्रमाण पेश नगरेको	१३,१९,९९९.२९

७९ **उपभोक्ता समिति परिचालन र व्यवस्थापन सम्बन्धमा**

७९.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा सोही नियमावलीका प्रावधान अनुसार कार्य गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन् :

(क) खर्चको अनुमोदन: सार्वजनिक नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यवस्था भए बमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन ।

(ख) प्राविधिक बील र कार्यसम्पन्न: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बील बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्तासमितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बराबर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

(ग) उपभोक्ता समितिबाट भएका निर्माण कार्यको गुणस्तर: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३(ख) मा उपभोक्ता समितिसँग गरिने सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्ने उल्लेख छ। पालिकाले उपभोक्ता समितिहरूसँग गरेका सम्झौतामा गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राखेको पाइएन। उपभोक्ता समिति मार्फत् कार्यान्वयन तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गरी दिगोपना कायम गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन। जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन। अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ।

(घ) हेभी इक्विपमेण्टको प्रयोग: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांश मा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई सार्वजनिक निकायबाट सहमति लिएको पाइएन।

(ङ) लागत सहभागिता : पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

(च) आयोजना हस्तान्तरण : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन।

७९.२ (छ) उपभोक्ता समितिलाई भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकाएले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्थानीय उपभोक्ता समितिलाईनै हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले उपभोक्ता समितिलाई हस्तान्तरण गर्न नमिल्ने काम नयाँ गाँउ माध्यमिक विद्यालयको भवन निर्माण गर्न विद्यालय व्यवस्थापन समिति गठन गरी अन्तिम वील मार्फत कार्य गराई भुक्तानी दिएको अनियमित देखिएको रु.

अनियमित भएको	१७,००,०००

८० **पेश्की बाँकी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई म्याद नाघेको पेश्की रु.७९ लाख २४ हजार ५१८ तथा म्याद ननाघेको पेश्की रु.१२ लाख पेश्की बाँकी रहेको देखिन्छ। सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.७९ लाख २४ हजार ५१८ फर्स्यौट गर्न बाँकी रहेकोले फर्स्यौट गर्नुपर्ने रु.

क्र.सं.	पेश्की लिएको मिति	गो. भौ. न.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	चालु आ. व.			गत आ. व.सम्मको	
					म्याद ननाघेको		म्याद नाघेको	म्याद ननाघेको	
					रकम	फस्यौटकको अन्तिम म्याद		रकम	फस्यौर्टअ म्याद
१	०४/०१/२०८१	११	औषधी उपचार खर्च	ओम बहादुर गुरुङ्ग	०		०	०	२०८२/०
२	०४/०१/२०८१	११	औषधी उपचार खर्च	कमल देव पाण्डे	०		०	०	२०८२/०
३	०४/०१/२०८१	११	औषधीउपचार खर्च	कमल प्रसाद खनाल	०		०	०	२०८२/०
४	०४/०१/२०८१	११	औषधी उपचार खर्च	खिम बहादुर पौडेल	०		०	०	२०८२/०
५	०४/०१/२०८१	११	औषधी उपचार खर्च	गंगाधर सापकोटा	०		०	०	२०८२/०
६	०४/०१/२०८१	११	औषधी उपचार खर्च	गौतम रौनियार	०		०	०	२०८२/०
७	०४/०१/२०८१	११	कर्मचारीहरुको तलब	चाम बहादुर वि.क.	०		०	०	२०८२/०
८	०४/०१/२०८१	११	औषधीउपचार खर्च	धन कुमारी अर्याल	०		०	०	२०८२/०
९	०४/०१/२०८१	११	औषधी उपचार खर्च	पुनम कुँवर	०		०	०	२०८२/०
१०	०४/०१/२०८१	११	औषधी उपचार खर्च	मेरमान कामी	०		०	०	२०८२/०
११	०४/०१/२०८१	११	औषधी उपचार खर्च	माधव बहादुर राना	०		०	०	२०८२/०
१२	०४/०१/२०८१	११	कर्मचारीहरुको तलब	माधव बहादुर राना	०		०	०	२०८२/०
१३	०४/०१/२०८१	११	पारिश्रमिक कर्मचारी	राजेन्द्र कुमार शाही	०		०	०	२०८२/०
१४	०४/०१/२०८१	११	पारिश्रमिक कर्मचारी आन्तरिक श्रोत	राम प्रसाद खनाल	०		०	०	२०८२/०
१५	०४/०१/२०८१	११	औषधी	लक्ष्मी कुमारी	०		०	०	२०८२/०

			उपचार खर्च	अर्याल					
१६	०४/०१/२०८१	११	औषधी उपचार खर्च	लाल बहादुर पुन	०		०	०	२०८२/०
१७	०४/०१/२०८१	११	पारिश्रमिक कर्मचारी	विष्णु बहादुर राना	०		०	०	२०८२/०
१८	०४/०१/२०८१	११	सेवा निवृत्तको औषधी उपचार	विष्णु बहादुर राना	०		०	०	२०८२/०
१९	०४/०१/२०८१	११	औषधी उपचार खर्च	हरि प्रसाद आचार्य	०		०	०	२०८२/०
२०	०३/२४/२०८२	२९१०	अनुगमन तथा राजस्व अभिवृद्धि कार्यक्रम, वडा नं. ८	विष्णु प्रसाद श्रेष्ठ	२,००,०००.००	०४/२७/२०८२	०	०	
जम्मा					२०००००		०	०	
२	निर्माण व्यसायि								
१	१०/२८/२०८१	१८४	नयाँ बुटवल टोल नमूना टोल नमस्ते टोल सडक कालोपत्रे बुटवल १७	पन्त निर्माण सेवा	०	२०८२/०२/३१	३४९०००	०	
२	१०/२८/२०८१	१८७	शेरपथ नाली तथा सडक पिच बुटवल ११	टु.ए.कन्स्ट्रक्सन प्रा.लि.	०	१२/०४/२०८१	५७७०००	०	
३	११/११/२०८१	२१४	शेरपथ नाली तथा सडक पिच बुटवल ११	टु.ए.कन्स्ट्रक्सन प्रा.लि.	०	१२/१७/२०८१	२०००००	०	
४	११/२९/२०८१	२५८	नयाँ बुटवल टोल नमूना टोल नमस्ते टोल सडक कालोपत्रे बुटवल १७	पन्त निर्माण सेवा	०	०१/०४/२०८२	३५००००	०	

५	०१/१९/२०८२	४५२	खड्क बहादुर सार्कीको घरदेखि पराजुलीको घर हुँदै जिवाखरको घर जाने सडक कालोपत्रे बुटवल १६	तारा यु.के. कन्स्ट्रक्सन कम्पनी प्रा.लि	०	०२/२३/२०८२	११३२०००	०	
६	०२/०५/२०८२	५३०	सुवर्ण पथ कालो पत्रे निर्माण क्षितिज टोल वडा नं. ११	अरनिको एण्ड भिम कन्स्ट्रक्सन प्रा.लि.	०	०३/०९/२०८२	३०००००	०	
७	०२/०५/२०८२	५३०	धर्म पथ बुटवल ११	अरनिको एण्ड भिम कन्स्ट्रक्सन प्रा.लि.	०	०३/०९/२०८२	८०००००	०	
८	०२/०५/२०८२	५३०	रिद्धिसिद्धि पथको नाली सहित ग्रावेल सहयोगी टोल वडा नं. ११	अरनिको एण्ड भिम कन्स्ट्रक्सन प्रा.लि.	०	०३/०९/२०८२	३०००००	०	
९	०२/०५/२०८२	५३०	तिलोत्तमा नगर सृजना नगर र बुद्धनगर टोलको हातेमालो पथ निर्माण तिलत्तोमा नगर टोल वडा नं. ११	अरनिको एण्ड भिम कन्स्ट्रक्सन प्रा.लि.	०	०३/०९/२०८२	३०००००	०	
१०	०२/०५/२०८२	५३०	पंगेनी पथ सडक निर्माण भवानी टोल वडा नं. ११	अरनिको एण्ड भिम कन्स्ट्रक्सन प्रा.लि.	०	०३/०९/२०८२	३०००००	०	
११	०२/०५/२०८२	५३०	उदय पथ सडक कालो पत्रे प्रगतिनगर	अरनिको एण्ड भिम	०	०३/०९/२०८२	३०००००	०	

			जि।एच टोल वडा नं. ११	कन्स्ट्रक्सन प्रा.लि.					
१२	०३/२३/२०८२	१०७३	वडा कार्यालयको भवन निर्माण वडा नं. ११	दाश निर्माण सेवा	१०,००,०००.००	०४/२६/२०८२	०	०	
जम्मा					१००००००		४९०८०००	०	
३	उपभोक्ता समिति								
१	०४/०१/२०८१	२	गत बिगत आ.ब. को पेश्की	बुद्धिराम थारु	०		०	०	२०८२/०
२	०४/०१/२०८१	२	गत बिगत आ.ब. को पेश्की	राम प्रसाद न्यौपाने	०		०	०	२०८२/०
३	०४/०१/२०८१	२	गत बिगत आ.ब. को पेश्की	शुशि ल कुमार अर्याल	०		०	०	२०८२/०
जम्मा					०		०	०	
४	व्यक्तिगत								
१	०४/०१/२०८१	११	सेवा निवृत्तको औषधी उपचार	मंगलराज शाक्य	०		०	०	२०८२/०
२	०६/०७/२०८१	१२१	मुद्दा मामिला तथा कानून निर्माण	घनश्याम पन्त	०	०७/१२/२०८१	१५००००	०	
जम्मा					०		१५००००	०	
कुल जम्मा					१२००००००		५०५८०००.	०	

पेश्की	७९,२४,५१८.८६

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : बुटवल उप महानगरपालिका, रुपन्देही , बुटवल उप-महानगरपालिका , रुपन्देही

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	मित्रमणि खनाल	२०८०-८-६	हाल सम्म कार्यरत
लेखा प्रमुख	लेखनाथ पोखरेल	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,०२८,०८१	३१,३६८,५५६.७१	१६,८०७,९७०.८८	०	०	७,९२४,५१८.८६
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरूजू रु.	५७,१२९,१२७.४५
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	५८१,१५४
				संपरीक्षणबाट थप भएको बेरूजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरूजू रु.	५६,५४७,९७३.४५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३९६७७३१९३.८५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	१३१२८०१२४१.१९	चालु खर्च	११०५६८४०४०.२२
प्रदेश सरकारबाट अनुदान	३७५७८७३२	पूँजीगत खर्च	६३५७३१६७८
राजश्व बाँडफाँट	४५१७३४९९९.०८	वित्तीय/अन्य व्यवस्था	६९८६५८७१३.२२
आन्तरिक आय	५५८०३३९४८.९९		
अन्य आय	२०५२३७२०५.७९		
कुल आय	२५६५३८६१२७.०५	कुल खर्च	२४४००७४४३१.४४
बाँकी मौज्दात		५२२०८४८८९.४६	

अनुसूची - २

बेरूजु दफा ४ सँग सम्बन्धित विवरण - अनुसूची - ३

क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		६४,२९,३५,७७५.८३	०	६४,२९,३५,७७५.८३	५९,८९,९७,४१५.३४	०	५९,८९,९७,४१५.३४
१३०००	अनुदान		७९,३६,१०,३७९.६४	०	७९,३६,१०,३७९.६४	७६,७६,२२,१४६.०३	०	७६,७६,२२,१४६.०३
१४०००	अन्य राजस्व		३७,४४,०५,२७२.७२	०	३७,४४,०५,२७२.७२	३१,४६,९३,११०.१३	०	३१,४६,९३,११०.१३
१५०००	विविध प्राप्ति		५,११,८५५.७१	०	५,११,८५५.७१	५८,४७८.००	०	५८,४७८.००
क	कुल जम्मा प्राप्ति		१,८१,१४,६३,२८३.९०		१,८१,१४,६३,२८३.९०	१,६८,१३,७१,१४९.५०		१,६८,१३,७१,१४९.५०
३	चालु		१,१०,५६,८४,०४०.२२	०	१,१०,५६,८४,०४०.२२	१,०७,३६,६५,८७०.७४	०	१,०७,३६,६५,८७०.७४
२१०००	पारिश्रमिक / सुविधा		५७,८३,८४,७३८.६३	०	५७,८३,८४,७३८.६३	६३,१०,५४,७८२.०६	०	६३,१०,५४,७८२.०६
२२०००	मालसामान तथा सेवाको उपयोग		३६,९३,९७,७६०.७२	०	३६,९३,९७,७६०.७२	३०,४६,६५,७२७.६८	०	३०,४६,६५,७२७.६८
२४०००	ब्याज, सेवा शुल्क तथा बैंक कमिशन		७४,५३,७८१.२०	०	७४,५३,७८१.२०	७५,००,०००.००	०	७५,००,०००.००
२५०००	सहायता (Subsidy)		९,०३,३९,००५.००	०	९,०३,३९,००५.००	०	०	०
२६०००	अनुदान		१,७४,२३,२५३.००	०	१,७४,२३,२५३.००	७,३०,८०,३९०.००	०	७,३०,८०,३९०.००
२७०००	सामाजिक सुरक्षा		२,९५,९१,६००.००	०	२,९५,९१,६००.००	५,४१,१९,३८८.००	०	५,४१,१९,३८८.००
२८०००	अन्य खर्च		१,३०,९३,९०१.६७	०	१,३०,९३,९०१.६७	३२,४५,५८३.००	०	३२,४५,५८३.००
४	पूंजीगत		६३,५७,३१,६९८.००	०	६३,५७,३१,६९८.००	६१,३१,७६,५३९.५७	०	६१,३१,७६,५३९.५७
३१११०	भवन तथा संरचना		२,९७,६२,६९५.००	०	२,९७,६२,६९५.००	५,५६,२६,७४५.००	०	५,५६,२६,७४५.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		१,९४,८०,३६१.००	०	१,९४,८०,३६१.००	१,४२,४३,१९९.००	०	१,४२,४३,१९९.००
३११३०	अन्य पूँजीगत खर्च		१८,४९,९०१.००	०	१८,४९,९०१.००	१४,९८,०००.००	०	१४,९८,०००.००
३११४०	सुरक्षा उपकरण		०	०	०	२,८७,०६४.००	०	२,८७,०६४.००

३११५०	सार्वजनिक निर्माण		५८,२७,६५,६२९.००	०	५८,२७,६५,६२९.००	४९,०८,४४,३२६.५७	०	४९,०८,४४,३२६.५७
३११६०	निर्मितसरचनाको सुधार खर्च		१३,९७,७८०.००	०	१३,९७,७८०.००	३९,६४,०२१.००	०	३९,६४,०२१.००
३११७०	पूँजीगत सुधार खर्च		४,७५,३३२.००	०	४,७५,३३२.००	४,६७,१३,१८४.००	०	४,६७,१३,१८४.००
५	वित्तीय		६९,१७,१९२.४७	०	६९,१७,१९२.४७	६६,७९,९४१.२९	०	६६,७९,९४१.२९
३३१४७	अन्य संस्थाहरूबाट ऋण प्राप्ति साँवा भुक्तानी		६९,१७,१९२.४७	०	६९,१७,१९२.४७	६६,७९,९४१.२९	०	६६,७९,९४१.२९
ख)	कुल जम्मा भुक्तानी		१,७४,८३,३२,९३०.६९		१,७४,८३,३२,९३०.६९	१,६९,३५,२२,३५१.६०		१,६९,३५,२२,३५१.६०
ग)	बचत /कमी (ग = क-ख)		६,३१,३०,३५३.२१		६,३१,३०,३५३.२१	-१,२१,५१,२०२.१०		-१,२१,५१,२०२.१०
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		६,२१,५०,१९२.४०		६,२१,५०,१९२.४०	-१,४८,६८,७५७.५९		-१,४८,६८,७५७.५९
घ.१)	कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी							
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		१२,५२,८०,५४५.६१		१२,५२,८०,५४५.६१	-२,७०,१९,९५९.६९		-२,७०,१९,९५९.६९
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		३९,६८,०४,३४३.८५		३९,६८,०४,३४३.८५	४२,३८,२४,३०३.५४		४२,३८,२४,३०३.५४
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		५२,२०,८४,८८९.४६		५२,२०,८४,८८९.४६	३९,६८,०४,३४३.८५		३९,६८,०४,३४३.८५

लेखाप्रमूख	कार्यकारी अधिकृत	महालेखापरीक्षकको कार्यालय
पालिकाबाट प्रमाणिकरण मिति :		

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।

- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत

सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।